# वार्षिक प्रगति प्रतिवेदन

## आर्थिक वर्ष २०८०/८१




नेपाल सरकार

**उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय**

सिंहदरबार, काठमाडौं।

२०८१।११।१८

# विषयसूची

विषयसूची .......... i

कार्यकारी सारांश .......... v

१. परिचय .......... १

१.१ पृष्ठभूमि .......... १

१.२ मन्त्रालयको कार्यक्षेत्र .......... २

१.३ सङ्गठन संरचना .......... ४

१.४ महाशाखाहरूको कार्य विवरण .......... ४

१.५ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध विद्यमान नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड .......... १५

१.६ मन्त्रालय अन्तर्गत रहेका विभागहरू र मन्त्रालय सम्बद्ध आयोजना/संस्थान/प्रतिष्ठान/ समिति/बोर्ड .......... १९

१.७ आ.व ०८०/८१ का लागि मन्त्रालयको स्वीकृत बजेट .......... २१

१.८ मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य प्रगति तथा उपलब्धिहरू .......... २२

१.९ मन्त्रालयको आगामी कार्यदिशा र लक्ष्य .......... ३०

२. उद्योग विभाग .......... ३४

२.१ पृष्ठभूमि .......... ३४

२.२ उद्योग विभागको सङ्गठन संरचना .......... ३५

२.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति. ३५

२.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति .......... ३५

२.५ राजश्व र आय .......... ३६

२.६ अवसर .......... ३६

३. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग .......... ३७

३.१ पृष्ठभूमि .......... ३७

३.२ विभाग र विभाग अन्तर्गतका कार्यालयको सङ्गठन संरचना .......... ३८

३.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति ३९

३.५ राजश्व र आय ... ४०

३.६ अवसर र चुनौती ... ४०

**४. कम्पनी रजिष्ट्रारको कार्यालय ... ४१**

४.१ पृष्ठभूमि ... ४१

४.२ कम्पनी रजिष्ट्रारको कार्यालयको सङ्गठन संरचना ... ४२

४.३ आर्थिक वर्ष ०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च ( वित्तीय तथा भौतिक) प्रगति ... ४२

४.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति ... ४२

४.५ राजश्व र आय ... ४३

४.६ अवसर र चुनौती ... ४३

**५. खानी तथा भू-गर्भ विभाग ... ४४**

५.१ पृष्ठभूमि ... ४४

५.२ विभागको सङ्गठन संरचना ... ४५

५.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति. ४५

५.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति ... ४५

५.५ राजश्व र आय ... ४६

५.६ अवसर ... ४६

५.७ चुनौती ... ४६

**६. नेपाल गुणस्तर तथा नापतौल विभाग ... ४७**

६.१ पृष्ठभूमि ... ४७

६.२ विभागको सङ्गठन संरचना ... ४८

६.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति. ४९

६.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति ... ४९

६.५ राजश्व र आय ... ४९

६.६ अवसर ... ५०

६.७ चुनौती ... ५०

**७. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र ........ ५१**

७.१ पृष्ठभूमि ........ ५१

७.२ लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको सङ्गठन संरचना ........ ५१

७.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च(वित्तीय र भौतिक) प्रगति ........ ५२

७.४ लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आर्थिक वर्ष २०८०/८१ को मुख्य-मुख्य कार्यक्रम र प्रगति ........ ५२

७.५ अवसरहरू: ........ ५२

७.६ चुनौतीहरू: ........ ५२

**८. मन्त्रालय सम्बद्ध संस्थान/प्रतिष्ठान/समिति ........ ५३**

८.१ नेपाल आयल निगम ........ ५४

८.२ साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड ........ ५५

८.३ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड ........ ५५

८.४ औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ........ ५६

८.५ धौवादी फलाम कम्पनी ........ ५७

८.६ नेपाल इन्टरमोडल यातायात विकास समिति ........ ५८

८.७ नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड ........ ५९

८.८ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र ........ ६०

**९. रूपान्तरणकारी आयोजनाको प्रगति ........ ६५**

९.१ औद्योगिक पूर्वाधार विकास कार्यक्रम ........ ६५

क. औद्योगिक ग्रामः ........ ६५

ख. विशेष आर्थिक क्षेत्रः ........ ६५

ग. औद्योगिक क्षेत्र व्यवस्थापनः ........ ६५

घ. औद्योगिक पहुँच सडक/विद्युत प्रशारण लाइनः ........ ६६

९.२ औद्योगिक पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा रहेका समस्याहरू: ........ ६६

**१०. उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका अवसर तथा चुनौतीहरू ........ ६७**

**११. निष्कर्ष ........ ६८**

# कार्यकारी सारांश

- उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालय र सम्वद्ध निकायहरूको आर्थिक वर्ष २०८०।८१ को कुल बजेट विनियोजन रू. ८ अर्ब १३ करोड ८० लाख (वित्तीय व्यवस्था बाहेक) भएको। जसमा चालु खर्च तर्फ रू. ४ अर्ब ८४ करोड ५४ लाख विनियोजन भएकोमा ७४.४२ प्रतिशत खर्च भएको छ भने र पुँजीगततर्फ रू. ३ अर्ब २९ करोड २६ लाख विनियोजन भएकोमा २३.१९ प्रतिशत खर्च भएको छ ।
- अति कम विकसित मुलुकबाट स्तरोन्नति र सन् २१०० सम्ममा नेपाललाई उच्च आय भएको मुलुकमा पुराई समुन्नत नेपाल निर्माण गर्ने राष्ट्रिय लक्ष्य प्राप्तिमा सहयोग पुर्याउनेगरी अति कम विकसित मुलुकबाट स्तरोन्नतिको लागि वाणिज्य क्षेत्रको रणनीतिक कार्य योजना, २०८१ र मन्त्रालयको वार्षिक सुधार कार्य योजना स्वीकृत भई कार्यान्वयनमा रहेको ।
- विभिन्न मुलुकसँग व्यापार तथा पारवहन सम्बन्धमा सचिव स्तरीय सहजीकरण समितिको र आयात निर्यातमा देखिएका समस्याको समाधान समाधानको लागि वस्तुगत महासङ्घ एवम् लजिस्टिक सेवा प्रदायकहरूसँग छलफल तथा अन्तरक्रिया गरिएको र यस र कार्यलाई निरन्तरता दिइएको छ।
- बजारमा हुने र हुन सक्ने व्यावसायिक विकृति, कालोबजारी, कृत्रिम अभाव, सिन्डिकेट तथा कार्टेलिङ जस्ता कार्यहरू हुन नदिन उपभोक्ता हित संरक्षणका लागि अनुगमन तथा नियमन गर्ने कार्यलाई प्राथमिकता दिइएको ।
- उद्योग दर्ता, विदेशी लगानी स्वीकृति, निर्यातमा नगद अनुदान, भिसा स्वीकृति, Repartition सिफारिस लगायतका सम्पूर्ण सेवा online मार्फत सञ्चालन गर्नका लागि Industry Management Information System (IMIS) सञ्चालनमा रहेको ।
- मन्त्रालय र सम्वद्ध निकायहरूको कार्यक्रमहरू औद्योगिक पूर्वाधार विकास, औद्योगिक विकासका लागि स्वदेशी एवम् विदेशी लगानी प्रवर्द्धन, उद्यमशीलता विकास, स्टार्टअप उद्यम विकास, लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास एवम् प्रवर्द्धन, राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन सहजीकरण, उपभोक्ता हक संरक्षण, अत्यावश्यक वस्तुहरूको मौज्दात तथा वितरण, उद्योग तथा कम्पनी प्रशासनमा समयसापेक्ष सुधार, खानी तथा खनिज जन्य पदार्थहरूको अन्वेषण तथा उत्खनन, अध्ययन अनुसन्धान लगायत कार्यमा केन्द्रित रही कार्यान्वयनमा रहेको र चालु आर्थिक वर्षको कार्यक्रमहरू पनि सोही बमोजिम रहेको छ ।
- मन्त्रालय र सम्वद्ध निकायहरूबाट आर्थिक वर्ष २०८०।८१ को वार्षिक नीति, कार्यक्रम र बजेट कार्यान्वयनको अवस्था उपलब्धि/प्रगतिलाई प्रतिवेदनले समेटेको छ । मन्त्रालय र सम्वद्ध निकायहरूको काम कारवाहीलाई चुस्त दुरूस्त जवाफदेही पारदर्शी तथा उत्तरदायी बनाउन सुशासन (सञ्चालन तथा व्यवस्थापन) ऐन,२०६४ तथा नियमावली, २०६५ र सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली बमोजिम मन्त्रालय र सम्बद्ध निकायहरूबाट आर्थिक वर्ष २०८०।८१ को वार्षिक प्रगति प्रतिवेदन तयार गरी मन्त्रालयको वेव साईटमा राखिएको छ।

# उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय

## १. परिचय

### १.१ पृष्ठभूमि

मुलुकमा औद्योगिक क्रियाकलापहरूलाई प्रवर्द्धन गर्न तथा व्यापार व्यवसायका लागि अनुकूल वातावरण तयार गर्ने हेतुले नेपालका तत्कालीन प्रधानमन्त्री जुद्ध शमशेर जङ्गबहादुर बहादुर राणाबाट वि.सं. १९९३ सालमा उद्योग परिषद्को स्थापना भएको थियो। सोही वर्ष नेपालमा पहिलो पटक कम्पनीसम्बन्धी कानून र औद्योगिक व्यवसायसँग सम्बन्धित कानून लागू भएका थिए। वि.सं. २०३८ सालमा उद्योग तथा वाणिज्य मन्त्रालयको स्थापना भई वि.सं. २०४० सालमा सो मन्त्रालयको क्षेत्राधिकार बढाइ आपूर्तितर्फको जिम्मेवारीसमेत प्रदान गरियो। तत्पश्चात् सोही सालमा उद्योग, वाणिज्य र आपूर्ति गरी तीन वटा मन्त्रालयको स्थापना गरी अस्तित्वमा रहेको पाइन्छ। वि.सं. २०५७ सालमा उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालयलाई एक आपसमा गाभी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको स्थापना भएकोमा पछि २०६५ सालमा सो मन्त्रालयलाई उद्योग मन्त्रालय र वाणिज्य तथा आपूर्ति मन्त्रालय गरी दुई फरक मन्त्रालयको रूपमा पुनर्गठन गरिएको थियो। तत्पश्चात् वि.सं. २०७२ सालमा वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई विभाजन गरी वाणिज्य मन्त्रालय र आपूर्ति मन्त्रालय गरी दुई फरक मन्त्रालय गठन गरिएको थियो। नेपाल सरकार मन्त्रिपरिषद्को वि.सं. २०७४ को निर्णयअनुसार यी तीन वटै मन्त्रालयलाई एक आपसमा गाभी उद्योग, वाणिज्य र आपूर्ति मन्त्रालय गठन भएको छ। यो मन्त्रालय विशिष्ट र संवेदनशील प्रकृतिको कार्यक्षेत्र भएको नेपाल सरकारको एउटा महत्त्वपूर्ण मन्त्रालय हो। मुलुकको उद्योग, वाणिज्य र उपभोग्य सामग्रीको आपूर्ति क्षेत्रलाई सबल र सुदृढ तुल्याउँदै औद्योगिक वातावरण सिर्जना, लगानी प्रवर्द्धन, आन्तरिक तथा अन्तर्राष्ट्रिय व्यापारको प्रवर्द्धन, सहजीकरण र नियमन, औद्योगिक सम्पत्तिको संरक्षण, औद्योगिक पूर्वाधारको व्यवस्था, उपभोक्ता संरक्षणजस्ता मुख्य कार्यमा मन्त्रालय संलग्न रहँदै आएको छ। यसको लागि उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रसँग सम्बद्ध आवश्यक नीति तथा कार्यक्रमहरूको तर्जुमा गर्ने, तर्जुमा गरिएका नीति तथा कार्यक्रमहरूलाई विभिन्न मन्त्रालय, नेपाल सरकारका अन्य निकाय, निजी क्षेत्र तथा दातृ निकायसँग समन्वय गरी कार्यान्वयन गर्ने, सञ्चालित कार्यक्रमहरूको अनुगमन तथा मूल्याङ्कन गरी पृष्ठपोषण गर्नेलगायतका कार्यमा मन्त्रालय संलग्न रहँदै आएको छ। यस मन्त्रालयले नेपालको संविधान, नेपाल सरकार (कार्यविभाजन) नियमावली २०७४, औद्योगिक नीति, २०६७, वाणिज्य नीति,२०७२, नेपाल व्यापार एकीकृत रणनीति, २०८०, आवधिक योजनालगायत वाणिज्य क्षेत्रसँग सम्बद्ध ऐन तथा नियमावलीले निर्दिष्ट गरेबमोजिम उद्योग, वाणिज्य र आपूर्ति क्षेत्रको विकास र प्रवर्द्धन गर्ने महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

## १.२ मन्त्रालयको कार्यक्षेत्र

नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम यस मन्त्रालयको कार्यक्षेत्र देहायबमोजिम रहेको छ-


- औद्योगिक नीति, कानून, मापदण्ड र नियमन;
- औद्योगिक कोरिडोर, औद्योगिक पार्क वा ग्राम र निर्यात प्रशोधन केन्द्र;
- औद्योगिक क्षेत्र र विशेष आर्थिक क्षेत्रसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- वैदेशिक लगानी तथा प्रविधि हस्तान्तरणसम्बन्धी नीति, कानून, मापदण्ड, योजना कार्यान्वयन र नियमन;
- उद्योग, औद्योगिक व्यवसाय र कम्पनीसम्बन्धी;
- उद्योग तथा खनिजसम्बन्धी पूर्वाधार नीति, कानून, मापदण्ड, समन्वय र नियमन;
- सुरक्षा संवेदनशील उद्योग दर्ता, सञ्चालन अनुमति, खारेजी र नियमन;
- औद्योगिक प्रविधि विकास र हस्तान्तरण;
- अन्तर्राष्ट्रिय औद्योगिक सङ्घ संस्थासँग सम्पर्क र समन्वय;
- केन्द्रीय कारागार कारखाना;
- करार, साझेदारी र एजेन्सीसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- रुग्ण उद्योग तथा दामासाहीमा परेका उद्योग वा व्यावसायिक फर्म व्यवस्थापनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- पेटेन्ट, डिजाइन, ट्रेडमार्क, भौगोलिक संकेत (जोग्राफिकल इन्डिकेसन) औद्योगिक बौद्धिक सम्पत्तिको नीति, कानून, मापदण्ड कार्यान्वयन र प्रवर्द्धन एंव सोसम्बन्धी अन्तराष्ट्रिय सङ्घ संस्थासँग सम्पर्क र समन्वय;
- नापतौल तथा गुणस्तरसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन एंव सोसम्बन्धी अन्तराष्ट्रिय निकायसंग सम्पर्क र समन्वय;
- वस्तु सेवा, प्रक्रिया र प्रणालीका राष्ट्रिय गुणस्तर निर्धारण, प्रत्यायन (एक्रेडिटेशन) र प्रत्यायन बोर्ड;
- खानी तथा खनिजसम्बन्धी राष्ट्रिय नीति, कानून, मापदण्ड र नियमन;
- रेडियोधर्मी पदार्थ, पेट्रोलियम पदार्थ, प्राकृतिक ग्यास र बहुमूल्य पदार्थ तथा खनिज पदार्थसम्बन्धी सर्वेक्षण, अन्वेषण र उत्खनन, दर्ता, अनुमति र नियमन;
- भौगर्भिक अध्ययन, अनुसन्धान र नक्साङ्कन;

- खानी तथा खनिज जन्य वस्तुहरूको लगत सङ्कलन तथा अभिलेखन र अनुसन्धान एवम् उत्खननसम्बन्धी राष्ट्रिय प्रयोगशालाको स्थापना र सञ्चालन;
- भूकम्पीय अध्ययन एवम् अनुसन्धान, भूकम्प निगरानी, भूकम्प मापन केन्द्रहरूको सञ्चालन;
- अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन;
- द्विपक्षीय र अन्तर्राष्ट्रिय व्यापार तथा पारवहन तथा सोसम्बन्धी द्विपक्षीय, क्षेत्रीय, उपक्षेत्रीय र बहुपक्षीय वार्ता, सन्धि सम्झौता, कार्यान्वयन र नियमन;
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापार सहजीकरणसम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन;
- विश्व व्यापार सङ्गठन लगायत बहुपक्षीय व्यापारसम्बन्धी अन्तर्राष्ट्रिय व्यापारसम्बन्धित निकायसँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौताको कार्यान्वयन र अनुगमन;
- साफ्टा, बिमस्टेक लगायत क्षेत्रीय र उपक्षेत्रीय व्यापार तथा स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी संस्थासँगको सम्पर्क, समन्वय, वार्ता, सम्झौता, कार्यान्वयन र अनुगमन;
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारिक कारोबारको व्यवस्थापन र नियमन;
- निकासी प्रवर्द्धन, पैठारी व्यवस्थापन र नियमन;
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी तथ्याङ्क, अध्ययन, अनुसन्धान र सर्वेक्षण;
- राष्ट्रिय, द्विपक्षीय, अन्तर्राष्ट्रिय व्यापार मेला तथा प्रदर्शनीको सञ्चालन र सहभागिता;
- व्यापारका लागि सहयोग (एड फर ट्रेड);
- अन्तर्राष्ट्रिय व्यापारका सन्दर्भमा विदेशस्थित नियोगसँग समन्वय;
- अन्तर व्यापारसम्बन्धी नीति, कानून, सहजीकरण र नियमन;
- पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, बहु विधिक (मल्टी मोडल) ढुवानीसम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन;
- सुक्खा बन्दरगाह, अन्तर्राष्ट्रिय कन्टेनर फ्रेट स्टेसन, क्लियरिङ/अन्डरटेकिङ्ग सेवा, कार्गो गोदामसम्बन्धी नीति तथा सञ्चालन;
- अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी फर्म तथा संस्थाहरूको नियमन;
- राष्ट्रिय, द्विपक्षीय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी भौतिक पूर्वाधारहरूको विकास, विस्तार र सञ्चालन;
- उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;

- उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन;
- अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात, सार्वजनिक गोदाम तथा राष्ट्रिय अत्यावश्यक वस्तु र सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था;
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमन;
- आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रणसम्बन्धी नीति, कानून र नियमन;
- मन्त्रालयसम्बन्धी सार्वजनिक संस्थान, प्राधिकरण, समिति, प्रतिष्ठान, कम्पनी आदिको सञ्चालन र नियमन;
- मन्त्रालयको विषयक्षेत्रसंग सम्बन्धित सेवा, समूह र उपसमूहको सञ्चालन।

## १.३ सङ्गठन संरचना

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयको सङ्गठन संरचना देहायअनुसार रहेको छः-




## १.४ महाशाखाहरूको कार्य विवरण

मन्त्रालयअन्तर्गत ७ वटा महाशाखाहरू रहेका छन्। महाशाखाको कार्य विवरण रअन्तर्गतका शाखाहरू निम्नानुसार रहेका छन्:

### १.४.१ प्रशासन तथा संस्थान महाशाखा

- मन्त्रालयको सामान्य प्रशासनसम्बन्धी कार्यहरू,
- सार्वजनिक खरिदसम्बन्धी कार्यहरू,
- सरकारी रूग्ण उद्योगको व्यवस्थापनसम्बन्धी कार्यहरू,
- सरकारको पूर्ण वा आंशिक स्वामित्वमा सञ्चालित उद्योग, समिति, संस्थान र प्रतिष्ठानसम्बन्धी विषयहरूको नीति नियम तर्जुमा, नियमन, अनुगमन, मूल्याङ्कन तथा व्यवस्थापनसम्बन्धी कार्यहरू,
- आन्तरिक व्यवस्थापनसम्बन्धी कार्यहरू,
- मन्त्रालय र मातहत निकायको चल अचल सम्पत्तिको अभिलेख, व्यवस्थापन र संरक्षणसम्बन्धी कार्यहरू,
- मन्त्रालय र मातहत निकायको कार्य सम्पादन व्यवस्थापनसम्बन्धी कार्यहरू,
- मन्त्रालय र अन्तर्गतका कार्यालयहरूमा कार्यरत कर्मचारीहरूसँग सम्बन्धित प्रशासनिक कार्यसम्बन्धी कार्यहरू,
- मन्त्रालय र मातहत निकायमा कार्यरत कर्मचारीको मानव संसाधन विकास (Human Resources Development) सम्बन्धी कार्यहरू,
- मन्त्रालयअन्तर्गतका सम्पूर्ण निकायहरूको भौतिक साधनहरूको अनुगमन, निरीक्षणसम्बन्धी कार्यहरू,
- स्वदेश तथा विदेशमा सञ्चालन हुने विभिन्न तालिम, गोष्ठी, अध्ययन, अध्ययन भ्रमण, सभा सम्मेलनमा कर्मचारी मनोनयनसम्बन्धी कार्यहरू,
- कर्मचारीहरूको सरूवा, बढुवा, अवकाश, पदपूर्ति, दरबन्दी स्वीकृतिसम्बन्धी कार्यहरू,
- सुशासन तथा नागरिक बडापत्रबमोजिम कार्य भए नभएको अनुगमनसम्बन्धी कार्यहरू,
- मन्त्रालय र अन्तर्गतका विभाग तथा कार्यालयको जनशक्ति विकास र कर्मचारी प्रशासनसम्बन्धी कार्यहरू,
- निजामती सेवा ऐन बमोजिम मन्त्रालयले सञ्चालन गर्न तोकिएका विभिन्न सेवा समूहसम्बन्धी पदहरूको कर्मचारी प्रशासनसम्बन्धी कार्यहरू,
- संघीय मामिला तथा सामान्य प्रशासन, महालेखा परीक्षकको कार्यालय, महालेखा नियन्त्रकको कार्यालयसँग समन्वयसम्बन्धी कार्यहरू,
- सचिवबाट प्रत्यायोजन भएका अन्य कार्यहरू।

**महाशाखाअन्तर्गतका शाखाहरू:**

(क) आर्थिक प्रशासन शाखा

(ख) कानून तथा फैसला कार्यान्वयन शाखा

(ग) प्रशासन शाखा

(घ) सरकारी उद्योग तथा संस्थान शाखा

### १.४.२ योजना, अनुगमन तथा मूल्याङ्कन महाशाखा

- मन्त्रालय र मातहत निकायहरूको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनसम्बन्धी कार्यहरू ,
- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित क्षेत्रगत नीति तर्जुमा तथा संशोधन र परिमार्जनसम्बन्धी कार्यहरू ,
- मन्त्रालयको कार्यक्षेत्रसँग सम्बन्धित सूचना तथा तथ्याङ्क सङ्कलन, प्रशोधन तथा विश्लेषणसम्बन्धी कार्यहरू ,
- निर्यात प्रवर्द्धनसम्बन्धी योजना, नीति तथा कार्यक्रम कार्यान्वयन, अनुगमन, निरीक्षण र मूल्याङ्कनसम्बन्धी कार्य गर्ने, गराउने,
- मन्त्रालयबाट सञ्चालित आयोजनाहरूको सम्पर्क, अनुगमन तथा समन्वयसम्बन्धी कार्यहरू ,
- नतिजामूलक अनुगमन तथा मूल्याङ्कन (Result-based Monitoring and Evaluation) सम्बन्धी कार्यहरू ,
- उद्योगहरूको Feasibility, Pre-feasibility सम्बन्धी कार्यहरू
- मन्त्रालय र मातहत निकायको अनुगमन सूचक निर्धारण र कार्यान्वयनसम्बन्धी कार्यहरू ,
- प्रभाव मूल्याङ्कनसम्बन्धी कार्यहरू ,
- मन्त्रालय र मातहतबाट सञ्चालन हुने क्षेत्रगत सफ्टवेयरको गुणस्तर निर्धारणसम्बन्धी कार्यहरू,
- मन्त्रालयबाट भए गरेका कार्यका बारेमा मिडियाबाट प्रकाशित सूचनाको व्यवस्थापनसम्बन्धी कार्यहरू ,
- सूचना प्रविधिसम्बन्धी कार्यहरू ,
- तथ्याङ्क विश्लेषणसम्बन्धी कार्यहरू ,
- व्यवस्थापन सूचना प्रणालीसम्बन्धी कार्यहरू ,

- मन्त्रालयसँग सम्बन्धित परियोजना बैङ्क निर्माणसम्बन्धी कार्यहरू ,
- मासिक, त्रैमासिक, चौमासिक, अर्धवार्षिक तथा वार्षिक लगायतका प्रगति विवरण प्रकाशनसम्बन्धी कार्यहरू ।

**महाशाखाअन्तर्गतका शाखाहरू:**

क. अनुगमन तथा मूल्याङ्कन शाखा

ख. अनुसन्धान तथा तथ्याङ्क शाखा

ग. योजना तथा बजेट व्यवस्थापन शाखा

घ. सूचना प्रविधि तथा तथ्याङ्क विश्लेषण शाखा

### १.४.३. आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण महाशाखा

- उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी नीति, कानून, मापदण्ड नियमनसम्बन्धी कार्यहरू,
- उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानून मापदण्ड र नियमनसम्बन्धी कार्यहरू,
- अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफर स्टक), सार्वजनिक गोदाम, तथा राष्ट्रियस्तरमा अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्थासम्बन्धी कार्यहरू,
- पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आपूर्ति, पूर्वाधार विकास र नियमनसम्बन्धी कार्यहरू,
- आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिन्डिकेट तथा कार्टेलिङ नियन्त्रणसम्बन्धी नीति, कानून र नियमनसम्बन्धी कार्यहरू,
- आपूर्तिसँग सम्बन्धित सार्वजनिक संस्थानको सञ्चालन र नियमनसम्बन्धी कार्यहरू,
- उपभोक्ता संरक्षणसम्बन्धी कार्यको समन्वयसम्बन्धी कार्यहरू,
- उपभोक्ता हक संरक्षणसम्बन्धी संवैधानिक व्यवस्थासम्बन्धी कार्यहरू,
- उद्योग, वाणिज्य तथा आपूर्ति सम्बद्ध निजी संस्थाहरूसँग सहकार्य गरी आपूर्ति व्यवस्था सहज तुल्याउनेसम्बन्धी कार्यहरू।

महाशाखाअन्तर्गतका शाखाहरू

क. आपूर्ति नीति तथा नियमन शाखा

ख. उपभोक्ता हित संरक्षण तथा समन्वय शाखा

ग. बजार अनुसन्धान तथा नियमन शाखा

### १.४.४ द्विपक्षीय तथा क्षेत्रीय व्यापार महाशाखा

- द्विपक्षीय व्यापार र पारवहनसम्बन्धी वार्ता, सन्धि, सम्झौता र सोको कार्यान्वयन र नियमन गर्नेसम्बन्धी कार्यहरू,
- साफ्टा, बिमस्टेकलगायत क्षेत्रीय, उपक्षेत्रीय व्यापार तथा स्वतन्त्र व्यापार क्षेत्रसम्बन्धी संस्थासँग सम्पर्क, समन्वय, वार्ता, सन्धि, सम्झौता र सोको कार्यान्वयनसम्बन्धी कार्यहरू,
- क्षेत्रीय व्यापार र पारवहनसम्बन्धी वार्ता, सन्धि, सम्झौता र सोको कार्यान्वयन र नियमन गर्नेसम्बन्धी कार्यहरू,
- राष्ट्रिय, द्विपक्षीय तथा क्षेत्रीय व्यापार सहजीकरणसम्बन्धी नीति, कानून, मापदण्डको कार्यान्वयन र नियमन गर्नेसम्बन्धी कार्यहरू,
- राष्ट्रिय, द्विपक्षीय तथा क्षेत्रीय व्यापारिक कारोबारको व्यवस्थापन, कार्यान्वयन र नियमनसम्बन्धी कार्यहरू,
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापार मेला, एक्स्पो तथा प्रदर्शनीमा सहभागिता र समन्वयसम्बन्धी कार्यहरू,
- द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापार सन्दर्भमा विदेशस्थित नेपाली कूटनीतिक नियोगहरूसँग समन्वय र सहजीकरण गर्नेसम्बन्धी कार्यहरू,
- द्विपक्षीय, क्षेत्रीय र अन्तर्राष्ट्रिय व्यापार सन्दर्भमा नेपालस्थित विदेशी कूटनीतिक नियोगहरूसँग समन्वय र सहजीकरण गर्नेसम्बन्धी कार्यहरू,
- अन्तर व्यापारसम्बन्धी नीति, कानून, व्यापार सहजीकरण, कार्यान्वयन र नियमनसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- पारवहन, अन्तर्राष्ट्रिय परिवहन व्यवस्था, वस्तुको बहुबिधिक ढुवानी (Multimodal Transport) सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा कार्यान्वयन, अनुगमन र नियमनसम्बन्धी कार्यहरू,

- व्यापार जन्य पूर्वाधारहरू, सुख्खा बन्दरगाह (ICD), एकीकृत जाँच चौकी (ICP), अन्तर्राष्ट्रिय कन्टेनर फ्रेट स्टेसन (CFS) को विकास, गोदाम निर्माण र गोदाम सेवा र कार्गो ढुवानीसम्बन्धी नीति र कार्यक्रम सञ्चालन तथा अनुगमन र मूल्याङ्कनको कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- वाणिज्य क्षेत्रका समिति तथा कम्पनीहरूको कार्य सञ्चालन सम्बन्धमा नियमित अनुगमन, मूल्याङ्कनको व्यवस्था गरी आवश्यकताअनुसार निर्देशन दिनेसम्बन्धी कार्यहरू,
- निकासी पैठारी व्यवस्थित गर्ने नीतिगत निर्णयसम्बन्धी कार्यहरू,
- निर्यात प्रवर्द्धनसम्बन्धी नीति, रणनीतिको कार्यान्वयन तथा कार्यक्रम सञ्चालन गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- आयात निर्यातका प्रक्रियागत विषयको विश्लेषण र सुधारसम्बन्धी समन्वय गर्ने गराउनेसम्बन्धी कार्यहरू,
- निर्यात प्रवर्द्धनको लागि स्थापित वस्तुगत सङ्घ, संस्था, समितिसित सम्पर्क, समन्वय गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- पारवहन र व्यापार सहजीकरणसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- नेपाली दूतावास र अवैतनिक वाणिज्य दूतहरूलाई द्विपक्षीय व्यापार वृद्धि गर्न परिचालन तथा समन्वय गर्ने, गराउनेसम्बन्धी कार्यहरू।

**महाशाखाअन्तर्गतका शाखाहरू**

क. क्षेत्रीय तथा अन्य द्विपक्षीय व्यापार तथा पारवहन शाखा

ख. द्विपक्षीय व्यापार तथा पारवहन (चीन) शाखा

ग. द्विपक्षीय व्यापार तथा पारवहन (भारत) शाखा

घ. निर्यात प्रवर्द्धन तथा व्यापार सहजीकरण शाखा

### १.४.५. बहुपक्षीय व्यापार तथा व्यापार सहायता महाशाखा

- विश्व व्यापार सङ्गठन र अन्य बहुपक्षीय व्यापारसम्बन्धी सबै वार्ता, सन्धि, सम्झौता कार्यान्वयन, संशोधन, अनुगमन र नियमनसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- विश्व व्यापार सङ्गठनसँगको समन्वय, प्रतिबद्धता कार्यान्वयन, अनुगमनलगायतका कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,

- UN र सोअन्तर्गतका सङ्घसंस्थाहरू, United Nations Conference on Trade and Development (UNCTAD), International Trade Centre (ITC), International Telecommunication Union (ITU), Enhanced Integrated Framework (EIF) लगायतका व्यापार सम्बद्ध अन्तर्राष्ट्रिय सङ्घ-संस्थाहरूसहितको सम्पर्क, समन्वयसम्बन्धी कार्यहरू, विश्व व्यापार सङ्गठनसँग सम्बन्धित अन्तर-मन्त्रालय, गैर-सरकारी संस्था, निजी क्षेत्र तथा नागरिक समाजसँग गरिने बैठक, अन्तरक्रिया तथा अन्य कार्यक्रमहरू गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- विश्व व्यापार सङ्गठनसँग सम्बन्धित अन्तरमन्त्रालय, गैरसरकारी संस्था, निजी क्षेत्र तथा नागरिक समाजसँग गरिने बैठक, अन्तरक्रिया तथा अन्य कार्यक्रमहरू गर्ने गराउनेसम्बन्धी कार्यहरू,
- संयुक्त राष्ट्र सङ्घका लागि नेपालको स्थायी नियोग, जेनेभासँगको सम्पर्क र समन्वयसम्बन्धी कार्यहरू,
- अति कमविकसित मुलुकको व्यापार र आर्थिक विकाससम्बन्धी अन्तर्राष्ट्रियस्तरमा पारित बहुपक्षीय नीति, रणनीति, कार्य योजनाको कार्यान्वयन, अनुगमन र सहभागितासम्बन्धी कार्यहरू, विश्व व्यापार सङ्गठनसम्बन्धी क्षेत्रीय अन्तर्राष्ट्रिय फोरमहरूमा नेपालको प्रतिनिधित्व/सहभागिताका लागि तयारी तथा समन्वयसम्बन्धी कार्यहरू,
- विश्व व्यापार सङ्गठनको सदस्यता लिने क्रममा जनाइएको प्रतिबद्धताहरू कार्यान्वयन गर्न विद्यमान ऐन कानूनहरूमा आवश्यकताअनुसार संशोधन तथा नयाँ कानून तर्जुमासम्बन्धी कार्यहरू,
- व्यापारका लागि द्विपक्षीय, बहुपक्षीय सहायता परिचालनसम्बन्धी कार्यहरू,
- विश्व व्यापार सङ्गठनसम्बन्धी वस्तु व्यापार, सेवा व्यापार तथा व्यापार सम्बद्ध बौद्धिक सम्पत्तिको व्यापारसम्बन्धी कार्यहरू,
- वाणिज्य नीति, रणनीति तथा नेपाल व्यापार एकीकृत रणनीति तर्जुमा, संशोधन, परिमार्जन तथा कार्यान्वयनको अनुगमनसम्बन्धी कार्यहरू,
- व्यापार घाटा न्यूनीकरणसम्बन्धी नीति रणनीति तर्जुमा, कार्यान्वयन, कार्यान्वयनको अनुगमनसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- निर्यात प्रवर्द्धन र आयात व्यवस्थापनका लागि कर र गैरकर क्षेत्रमा गर्नुपर्ने सुधार र परिमार्जनका लागि विस्तृत अध्ययन विश्लेषणसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- वाणिज्य तथा व्यापारसम्बन्धी विषयमा अध्ययन, अनुसन्धान तथा प्रकाशन गर्ने, गराउनेसम्बन्धी कार्यहरू,

- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी विषयमा सर्वेक्षण गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- व्यापारसम्बन्धी विषयमा भएका अध्ययन अनुसन्धानहरूको प्रतिवेदन सङ्कलन गरी प्रकाशन गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- आन्तरिक र अन्तर्राष्ट्रिय व्यापारसम्बन्धी तथ्याङ्क सङ्कलन, विश्लेषण, अध्ययन, अनुसन्धान, सर्वेक्षण तथा प्रकाशनसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू,
- बहुपक्षीय व्यापार कूटनीतिको सञ्चालन र समन्वयसम्बन्धी कार्य गर्ने, गराउनेसम्बन्धी कार्यहरू।
- नेपालको अन्तर्राष्ट्रिय बजारको प्रवृत्ति, आयातको अवस्था, निर्यातको अवस्था, निर्यातको सम्भावना भएको बजार, आयात व्यवस्थापनलगायतका विषयमा नियमित सूचना सङ्कलन, विश्लेषण, अध्ययन गरी नीतिगत पृष्ठपोषण (Trade Intelligence) सम्बन्धी कार्यहरू,

**महाशाखाअन्तर्गतका शाखाहरू**

क. बहुपक्षीय व्यापार शाखा

ख. व्यापार नीति तथा व्यापार सहायता शाखा

### १.४.६. औद्योगिक पूर्वाधार तथा वातावरण महाशाखा

- औद्योगिक प्रदूषण (Industrial Pollution) सम्बन्धी नीति, मापदण्ड तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनमा सहजीकरणसम्बन्धी कार्यहरू,
- उद्योग तथा वाणिज्य क्षेत्रसँग सम्बन्धित वातावरणीय मापदण्ड (Environmental Standards) तर्जुमा, नियमन र यसको अनुगमनसम्बन्धी कार्यहरू,
- Green Industrial Efficiencyसम्बन्धी कार्यहरू,
- Energy efficiency, green technology and cleaner productionसम्बन्धी कार्यहरूको मापदण्ड निर्माण, नियमन र यसको अनुगमनसम्बन्धी कार्यहरू,
- गुणस्तर, नापतौल तथा खानी एवम् भू-गर्भसम्बन्धी कार्यहरूको प्राविधिक कार्यको सहजीकरण र मातहतका निकायको यस विषयमा क्षमता विकासमा सहयोगसम्बन्धी कार्यहरू,
- मन्त्रालय रअन्तर्गतका निकायहरू तथा औद्योगिक प्रतिष्ठानहरूलाई वातावरणमैत्री उत्पादन पद्धति अवलम्बन गर्न सहयोगसम्बन्धी कार्यहरू,

- स्थानीय तहहरूलाई वातावरणमैत्री स्थानीय शासनको प्रारूपको उद्योगसँग सम्बन्धित विषयमा कार्यान्वयनमा प्राविधिक सहयोगसम्बन्धी कार्यहरू,
- उद्योगले प्राविधिक तथा वातावरणीय मापदण्ड पालना गरे नगरेको सम्बन्धमा अनुगमन सूचक तयार गर्ने र यसको कार्यान्वयनको नियमित अनुगमनसम्बन्धी कार्यहरू,
- वातावरणीय मापदण्ड सम्बन्धमा वातावरणसम्बन्धी निकायमा सम्पर्कसम्बन्धी कार्यहरू,
- उद्योगको State of Environment को प्रतिवेदनसम्बन्धी कार्यहरू,
- Green Industrial Technology हस्तान्तरणसम्बन्धी कार्यहरू,
- उद्योगसँग सम्बन्धित प्राविधिक विषयमा certification को मापदण्ड तयार गर्नेसम्बन्धी कार्यहरू,
- औद्योगिक प्रविधि एवम् हस्तान्तरणसम्बन्धी नीति तथा कार्यक्रमको तर्जुमा तथा कार्यान्वयनसम्बन्धी कार्यहरू,
- नयाँ तथा पुराना प्रविधिहरूको अध्ययन अनुसन्धान भई पहिचान गरिएका विभिन्न प्रकारका प्रविधिहरूको जानकारी तथा प्रचार प्रसार गर्नेसम्बन्धी कार्यहरू,
- स्वदेशका उद्योगबाट उत्पादन हुने वस्तु र सेवाहरूलाई प्रतिस्पर्धात्मक बनाउन आधुनिक प्रविधिको खोजीसम्बन्धी अनुसन्धानात्मक समन्वयात्मक एवम् सूचना प्रवाहसम्बन्धी कार्यहरू,
- Technology Development Fund (TDF) सञ्चालन तथा व्यवस्थापनसम्बन्धी कार्यहरू,
- औद्योगिक ग्राम, औद्योगिक कोरिडोर, उद्योगको पहुँच मार्ग र विशेष आर्थिक क्षेत्रको पूर्वाधार क्षेत्रको सहजीकरणसम्बन्धी कार्यहरू,
- Brick Kiln Industry लगायत Clean Industryसम्बन्धी कार्यहरू,
- उद्योगहरूमा Industrial and Fire Safetyसम्बन्धी मापदण्ड तयार, नियमन र अनुगमनसम्बन्धी कार्यहरू,
- औद्योगिक प्रविधिको अनुसन्धान, समन्वय, प्रवर्द्धन र विकाससम्बन्धी कार्यहरू,
- International Code Council ले प्रतिपादन गरेका उद्योगसम्बन्धी सान्दर्भिक Code हरूको आन्तरिकीकरण गर्न प्राविधिक कार्यहरू गर्ने,
- उद्योगहरूलाई उपयोगी हुने Green Industrial Technology प्रवर्द्धनसम्बन्धी कार्यहरू,
- प्रादेशिक सरकार र स्थानीय सरकारलाई उद्योगको क्षेत्रमा EIA/IEE कार्यमा क्षमता विकासका लागि सहजीकरण गर्नेसम्बन्धी कार्यहरू,

- ISO Standards कार्यान्वयन गर्नेसम्बन्धी कार्यहरू,
- Industrial Waste Managementसम्बन्धी मापदण्ड, निर्देशिका तर्जुमा, समन्वय एवम् अनुगमनसम्बन्धी कार्यहरू,
- सरकारी उद्योगहरूको मेसिनरीहरूको लेखाजोखा गरी यसको प्रविधि रूपान्तरणमा सहजीकरण गर्ने र यससम्बन्धी प्रतिवेदन प्रकाशन गर्नेसम्बन्धी कार्यहरू,
- औद्योगिक पूर्वाधार, औद्योगिक सम्भाव्यता अध्ययन, अनुसन्धान तथा औद्योगिक पूर्वाधारसम्बन्धी कार्यहरू,
- खानी तथा भू-गर्भ विभागको सम्पर्क महाशाखाको रूपमा कार्य गर्ने।

**महाशाखाअन्तर्गतका शाखाहरू**

क. औद्योगिक गुणस्तर तथा प्रविधि शाखा

ख. औद्योगिक पूर्वाधार शाखा

ग. वातावरण शाखा

### १.४.७. औद्योगिक तथा लगानी प्रवर्द्धन महाशाखा

- औद्योगिक बौद्धिक सम्पत्तिसम्बन्धी कार्यहरू,
- आन्तरिक तथा बाह्य लगानी प्रवर्द्धनसम्बन्धी कार्यहरू,
- World Intellectual Property Organization (WIPO) सँगको सम्पर्क र समन्वय विन्दुसम्बन्धी कार्यहरू,
- नेपाल व्यवसाय मञ्च तथा औद्योगिक मूल्यश्रृङ्खलासम्बन्धी कार्यहरू,
- लगानी वित्त व्यवस्थापन (Investment Finance Management) सम्बन्धी कार्यहरू,
- एकद्वार प्रणालीसम्बन्धी कार्यहरू,
- स्वदेशी उत्पादनको प्रवर्द्धनसम्बन्धी कार्य,
- उद्योग तथा लगानी बोर्डसम्बन्धी कार्यहरू,
- निर्यातयोग्य वस्तुहरूको पहिचान गरी सोको प्रवर्द्धनको नीति तथा कार्यक्रम तर्जुमा सम्बन्धी कार्यहरू,
- औद्योगिक उत्पादकत्वसम्बन्धी कार्यहरू,

- उद्योग क्षेत्रको संस्थागत सुशासनसम्बन्धी कार्यहरू,
- लगानी बोर्डसँग समन्वयसम्बन्धी कार्यहरू,
- औद्योगिक नीतिसम्बन्धी कार्यहरू,
- करार, साझेदारी र एजेन्सीसम्बन्धी नीति, कानून, मापदण्ड र नियमनसम्बन्धी कार्यहरू,
- लगानी प्रवर्द्धन गर्ने IFC, UNIDO, UNCTAD, WIPO, एसियाली उत्पादकत्व सङ्गठन लगायत अन्तर्राष्ट्रिय औद्योगिक सङ्घ संस्थासँग समन्वय र सहकार्यसम्बन्धी कार्यहरू,
- व्यापार घाटा न्यूनीकरण सम्बन्धमा उद्योगसम्बन्धी कार्यहरू,
- स्थानीय तह तथा प्रदेशलाई उद्योगको क्षेत्रमा सहजीकरणसम्बन्धी कार्यहरू,
- औद्योगिक वस्तुहरूको प्रवर्द्धन र विकाससम्बन्धी कार्यहरू,
- Bilalteral Investment Treaty लगायत द्विपक्षीय, बहुपक्षीय सम्झौतासम्बन्धी कार्यहरू,
- औद्योगिक प्रवर्द्धनका लागि मापदण्ड निर्माणसम्बन्धी कार्यहरू,
- उद्योगसँग सम्बन्धित NTIS सम्बन्धी कार्य,
- औद्योगिक प्रवर्द्धनसम्बन्धी वैदेशिक सहायताको समन्वय र व्यवस्थापनसम्बन्धी कार्यहरू,
- औद्योगिक प्रवर्द्धनसँग सम्बन्धित क्षेत्रको मापदण्ड र नीतिसम्बन्धी कार्यहरू,
- रूग्ण उद्योगको पुनरूत्थानसम्बन्धी कार्यहरू,
- लगानी प्रवर्द्धन सम्मेलनसम्बन्धी कार्यहरू,
- औद्योगिक जनशक्ति विकाससम्बन्धी कार्यहरू,
- व्यावसायिक क्षेत्रको सामाजिक जिम्मेवारीसम्बन्धी कार्यहरू,
- उद्योगसम्बन्धी अन्तर समन्वयसम्बन्धी कार्यहरू,
- राजश्व परामर्श समितिको सचिवालयसम्बन्धी कार्यहरू,
- औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्डसम्बन्धी कार्यहरू,
- राष्ट्रिय औद्योगिक उत्पादन प्रवर्द्धन र स्वदेशी वस्तु उपयोग वृद्धिसम्बन्धी कार्यहरू,
- स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योगहरूको विकास र प्रवर्द्धनसम्बन्धी कार्यहरू,
- उद्योगहरूको स्तरोन्नतिसम्बन्धी कार्यहरू,

- स्वदेशी वस्तुको गुणस्तर तथा उपयोग वृद्धिसम्बन्धी कार्यहरू,
- स्वदेशी उत्पादन अभिवृद्धि, प्रविधि हस्तान्तरण, ब्राण्डिङ, लेवलिङ तथा बौद्धिक सम्पत्तिसम्बन्धी नीतिगत कार्य,
- कम्पनी रजिष्ट्रारको कार्यालयको सम्पर्क महाशाखाको रूपमा कार्य गर्ने।

**महाशाखाअन्तर्गतका शाखाहरू**

(क) औद्योगिक नीति तथा सहजीकरण शाखा

(ख) घरेलु, साना तथा मझौला उद्योग प्रवर्द्धन शाखा

(ग) वैदेशिक लगानी तथा बौद्धिक सम्पत्ति शाखा

## १.५ उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध विद्यमान नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड

**नीतिहरू:**

- औद्योगिक नीति, २०६७
- आपूर्ति नीति, २०६९
- वाणिज्य नीति, २०८१
- राष्ट्रिय बौद्धिक सम्पत्ति नीति, २०७३
- विदेशी लगानी नीति, २०७१
- राष्ट्रिय स्टार्ट अप उद्यम नीति,२०८०
- सार्वजनिक निजी साझेदारी नीति, २०७२
- व्यापार लजिस्टिक नीति, २०७९
- राष्ट्रिय खनिज नीति, २०७४
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धनसम्बन्धी नीति, २०८१

**ऐन तथा नियमावलीहरू:**

- निकासी पैठारी (नियन्त्रण) ऐन, २०१३ र नियमावली, २०३४
- औद्योगिक व्यवसाय ऐन, २०७६ र नियमावली, २०७८
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५ र नियमावली, २०७७

- सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५ र नियमावली, २०७७
- कम्पनी ऐन, २०६३
- नेपाल पेट्रोलियम ऐन, २०४० र नियमावली, २०४१
- प्राइभेट फर्म रजिस्ट्रेसन ऐन, २०१४ र नियमावली, २०३४
- साझेदारी ऐन, २०२०
- दामासाहीसम्बन्धी ऐन, २०६३ र नियमावली,२०६४
- विशेष आर्थिक क्षेत्र ऐन, २०७३ र नियमावली, २०७४
- उपभोक्ता संरक्षण ऐन, २०७५ र नियमावली, २०७६
- प्रतिस्पर्धा प्रवर्द्धन तथा बजार संरक्षण ऐन, २०६३ र नियमावली, २०६६
- सेफगार्ड्स, एण्टि-डम्पिङ तथा काउन्टरभेलिङ ऐन, २०७६ र नियमावली, २०७६
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान ऐन, २०५३
- खानी तथा खनिज पदार्थ ऐन, २०४२ र नियमावली, २०५६
- नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ र नियमावली, २०४०
- स्टाण्डर्ड नाप र तौल ऐन, २०२५ र नियमावली, २०२७
- पेटेन्ट, डिजाइन र ट्रेडमार्क ऐन, २०२२
- नेपाल एजेन्सी ऐन, २०१४
- प्रत्यायन ऐन, २०७९
- कालोबजारी तथा केही अन्य सामाजिक अपराध तथा सजाय ऐन, २०३२
- आयोडिनयुक्त नुन (उत्पादन तथा बिक्री वितरण) ऐन, २०५५
- मालसामानको बहुबिधिक ढुवानी ऐन, २०६३ र नियमावली, २०६६
- वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन, २०७४ र नियमावली, २०७६
- बोनस ऐन, २०३० र नियमावली,२०३९
- स्टाण्डर्ड नाप र तौल (मोहर बन्द प्याकेज) नियमावली, २०७६
- पेट्रोलियम पदार्थ तथा ग्यास मूल्य स्थिरीकरण कोष (सञ्चालन) नियमावली, २०७१
- औद्योगिक पुनरूत्थान कोष (सञ्चालन कार्यविधि) नियमावली, २०६४
- खनिज सर्वेक्षण (भत्ता तथा सुविधा) नियमहरू, २०२४

कार्यविधिहरू:

- स्टार्ट अप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८१
- औद्योगिक तथा लगानी प्रवर्द्धन कोष सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१
- स्थानीय तहमार्फत लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि सहयोग कार्यक्रम सञ्चालन कार्यविधि,२०८१
- निर्यातमा अनुदान प्रदान गर्नेसम्बन्धी कार्यविधि, २०७९
- कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०७९
- औद्योगिक पूर्वाधार संरचना निर्माण तथा शोधभर्नासम्बन्धी कार्यविधि, २०७९
- उत्पादनशील उद्योगका लागि विदेशी श्रमिक ल्याउनेसम्बन्धी कार्यविधि, २०७७
- उत्पत्तिको प्रमाणपत्र जारी गर्नेसम्बन्धी कार्यविधि, २०७७
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तालिम सञ्चालन कार्यविधि, २०७७
- राष्ट्रिय प्राथमिकता प्राप्त योजनाको लागि राष्ट्रिय वन क्षेत्र प्रयोग गर्नेसम्बन्धी मापदण्ड सहितको कार्यविधि, २०७६
- औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधि, २०७५
- महत्त्वपूर्ण व्यावसायिक व्यक्ति (Commercially Important Person-CIP) छनौट, सम्मान तथा सुविधासम्बन्धी कार्यविधि, २०७४
- लगानीकर्ता संरक्षण कोष व्यवस्थापन तथा सञ्चालन कार्यविधि, २०७३
- खानी तथा भू-गर्भ विभागको कार्यविधि, २०७५
- नेपाल गुणस्तर प्रमाण चिह्न प्रदान गर्ने कार्यविधि, २०७४
- उत्पादनमूलक उद्योगलाई औद्योगिक प्रयोजनका लागि आवश्यक पर्ने कच्चा पदार्थ सुपारी, केराउ र मरीचको पैठारीलाई व्यवस्थित गर्नेसम्बन्धी कार्यविधि, २०७८
- सहिदका परिवारलाई नेपाल आयल निगम लिमिटेडको पेट्रोलियम पदार्थको बिक्रेता नियुक्ति गर्दा र ट्याङ्क ट्रक राख्न अनुमति प्रदान गर्दा सहुलियत दिनेसम्बन्धी कार्यविधि, २०६७
- विशेष आर्थिक क्षेत्र प्राधिकरणको कार्यकारी निर्देशक सिफारिससम्बन्धी कार्यविधि,२०७६
- उद्यम संवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८१

- सार्वजनिक निकायका कार्यकारी प्रमुखको छनौट तथा सिफारिससम्बन्धी कार्यविधि,२०७५
- नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडको महाप्रबन्धकको छनौट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७६
- नेपाल इन्टर मोडल यातायात विकास समितिको कार्यकारी निर्देशकको छनौट तथा सिफारिससम्बन्धी कार्यविधि, २०७६
- नेपाल खाद्य संस्थानको महाप्रबन्धकको छनौट तथा सिफारिससम्बन्धी कार्यविधि,२०७५

**निर्देशिका:**

- सार्वजनिक निकायमा स्वदेशी वस्तुको प्रयोगसम्बन्धी निर्देशिका, २०८१
- बजार अनुगमन निर्देशिका २०७९
- संयुक्त बजार अनुगमन निर्देशिका, २०६९
- उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय सम्बद्ध सार्वजनिक निकायमा पदाधिकारी नियुक्ति तथा मनोनयनसम्बन्धी निर्देशिका, २०७८
- गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७
- उपभोक्ता जागरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७४
- प्रविधि विकास कोष निर्देशिका, २०७०
- वस्तुको प्रत्यक्ष विक्रीसम्बन्धी निर्देशिका, २०७८
- कम्पनी निर्देशिका, २०७२
- कम्पनी निरीक्षक परिचालनसम्बन्धी निर्देशिका, २०७९
- आन्तरिक नियन्त्रण तथा अनुगमन निर्देशिका, २०८०

**मापदण्ड:**

- नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्नेसम्बन्धी मापदण्ड, २०८०
- वस्तु तथा सेवाको उत्पादन गर्न एक आपसमा करार (कन्ट्र्याक्ट) वा उपकरार (सब कन्ट्र्याक्ट) सम्बन्धी मापदण्ड, २०८१
- कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकनसम्बन्धी मापदण्ड, २०८१
- ढुङ्गा, गिट्टी, बालुवा उत्खनन, बिक्री तथा व्यवस्थापनसम्बन्धी मापदण्ड, २०७७

- प्राइभेट फर्म दर्ता मापदण्ड, २०७१
- बहालमा जग्गा उपलब्ध गराउनेसम्बन्धी मापदण्ड, २०७८
- वन तथा निजी स्वामित्वको जग्गामा समेत पर्ने गरी क्वारी क्षेत्र स्वीकृत भई वनको भोगाधिकार प्राप्त नभई सकेका र निजी जग्गामा खानी सञ्चालन गर्न प्रस्ताव गरेका खानीहरूले पालना गर्नु पर्ने मापदण्ड, २०८०

**रणनीति:**

- नेपाल व्यापार एकीकृत रणनीति (NTIS), २०८०

**अन्य**

- द्विपक्षीय लगानी सम्झौता (BIA) को नमूना ढाँचा स्वीकृत भई कार्यान्वयनमा आएको छ।

## १.६ मन्त्रालय अन्तर्गत रहेका विभागहरू र मन्त्रालय सम्बद्ध आयोजना/संस्थान/प्रतिष्ठान/समिति/बोर्ड

**क. विभागहरू**

१. उद्योग विभाग

२. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

३. कम्पनी रजिस्ट्रार को कार्यालय

४. खानी तथा भूगर्भ विभाग

५. नेपाल गुणस्तर तथा नापतौल विभाग

६. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र

**ख. आयोजना/कार्यक्रमहरू:**

मन्त्रालय र अन्तर्गत निकायहरू मातहत सञ्चालित आयोजना तथा कार्यक्रमहरू:-

१. औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्रसमेत)

२. खनिज अन्वेषण तथा विकास आयोजना

३. भू-वैज्ञानिक सर्वेक्षण तथा अनुसन्धान आयोजना

४. पेट्रोलियम अन्वेषण परियोजना

५. व्यापार सूचना तथा निर्यात सहयोग आयोजना- बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण

६. रणनीतिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना
७. एक्सेस आयोजना (पहिलो चरण)
८. प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम
९. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
१०. गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम (मेड्पा)
११. नेपालको चिया निर्यात अभिवृद्धिमा दिगोपना कार्यक्रम
१२. ग्रामीण उद्यम तथा विप्रेषण परियोजना (समृद्धि)

**ग. रूपान्तरणकारी आयोजना**

औद्योगिक पूर्वाधार विकास कार्यक्रमअन्तर्गत सञ्चालित क्रियाकलाप:

१. औद्योगिक ग्राम
२. विशेष आर्थिक क्षेत्र
३. औद्योगिक क्षेत्र
४. औद्योगिक पहुँच सडक/विद्युत् प्रसारण लाइन

**घ. बोर्ड/संस्थान/प्रतिष्ठान/समिति**


मन्त्रालयअन्तर्गत निम्नानुसारका संस्थान/प्रतिष्ठान/समिति र बोर्डहरू रहेका छन्:-

१. औद्योगिक प्रवर्द्धन बोर्ड
२. उपभोक्ता संरक्षण परिषद
३. विराटनगर जुट मिल्स लिमिटेड
४. नेपाल आयल निगम
५. हेटौँडा सिमेन्ट उद्योग लिमिटेड
६. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
७. उदयपुर सिमेन्ट उद्योग लिमिटेड
८. नेपाल आयल निगम
९. विशेष आर्थिक क्षेत्र प्राधिकरण, नेपाल
१०. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
११. नेपाल औषधि लिमिटेड
१२. साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड
१३. नेपाल इन्टर मोडल यातायात विकास समिति

१४. जनकपुर चुरोट कारखाना लिमिटेड
१५. बुटवल धागो कारखाना लिमिटेड
१६. गोरखकाली रबर उद्योग लिमिटेड
१७. नेपाल ढलौट उद्योग लिमिटेड
१८. नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
१९. धौवादी फलाम कम्पनी लिमिटेड
२०. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड
२१. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
२२. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
२३. नेपाल मेटल कम्पनी लिमिटेड

## १.७ आ.व ०८०/८१ का लागि मन्त्रालयको स्वीकृत बजेट

| क्र.सं. | स्रोत | रू. | कैफियत |
|---|---|---|---|
| १. | नेपाल सरकारको | रू. ५ अर्व ५१ करोड ९७ लाख | |
| २. | वैदेशिक अनुदान | रू. ६७ करोड ४० लाख | |
| ३. | वैदेशिक ऋण | रू. ९४ करोड ४३ लाख | |
| | **जम्मा** | **रू. ८ अर्ब १३ करोड ८० लाख** | |
| १. | चालू बजेट | रू. ४ अर्ब ८४ करोड ५४ लाख | |
| २. | पूँजीगत बजेट | रू. ३ अर्ब २९ करोड २६ लाख | |
| | **जम्मा** | **रू. ८ अर्ब १३ करोड ८० लाख** | |
| धौवादी फलाम कम्पनी (वित्तीय व्यवस्था) रू. २९ करोड ५० लाख | | | |
| लघु उद्यम विकास कार्यक्रम स्थानीय तहमा सशर्त अनुदान रू.१ अर्ब २ करोड ६६ लाख | | | |




## १.८ मन्त्रालयको आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य प्रगति तथा उपलब्धिहरू

**क. उद्योगतर्फः**

औद्योगिक व्यवसाय ऐन, २०७६ ले गरेको वर्गीकरण बमोजिमका उद्योगको प्रशासन तथा नियमन तीन तहका सरकारबाट हुँदै आएको छ।

**यस क्षेत्रमा भएका मुख्यमुख्य उपलब्धिहरू -**

- माउन्टेन बी कन्सर्न प्रा.ली.ललितपुर, हाई हिमालय अर्ग्यानिक प्रा.ली. झापा र आवास फर्निचर इन्डष्ट्रिज प्रा.ली.बुटवल रूपन्देहीलाई प्रोत्साहन गर्नको लागि प्रत्येक उद्यमीलाई नगद र सम्मान पत्र Innovative Industry Award प्रदान गरिएको।
- सरकारी उद्योगको क्षमता विकासको लागि मेशिन तथा प्रविधि हस्तान्तरण कार्यक्रमबाट नेपाल औषधी लिमिटेडलाई रू. दुई करोड ऋण दिई कम्पनीको उत्पादन वृद्धिमा सहयोग गरिएको।
- घोषणा गरिएका औद्योगिक ग्राममध्ये कार्य प्रगतिको आधारमा ११ वटा स्थानीय तहलाई रू. ९ करोड ६४ लाख निकासा गरिएको।
- वीरगन्ज ठोरी विन्दवासिनी भिसा र बर्दिबास नगरपालिका भङ्गाहा नगरपालिका औद्योगिक कोरिडोरको सम्भाव्यता अध्ययन गरी सो क्षेत्रमा उद्योग स्थापना गर्नका लागि विस्तृत प्रतिवेदन तयार गरिएको।
- वीरगञ्ज पथलैया खण्डमा रहेको उद्योगबाट निस्कने फोहर पानी प्रशोधन गर्न Common Effluent Treatment Plant सम्बन्धमा सम्भाव्यता अध्ययन (Feasibility Study) अध्ययन भएको।

- काठमाडौंमा मिति २०८१ वैशाखमा तेस्रो लगानी सम्मेलन सम्पन्न गर्न आवश्यक सहजीकरण भएको।
- US Patent and Trademark Office सँग आपसी सहयोगको आदान प्रदान गर्ने सम्झौता भएको।
- गरिबी निवारणको लागि लघु उद्यम प्रवर्द्धन र ग्रोथ मोडलको कार्यक्रम सञ्चालन भएको।

**उद्योग क्षेत्रको प्रमुख सवालहरू**

- औद्योगिक लगानी तथा व्यावसायिक वातावरण सहज बनाउन सम्बन्धित कानूनमा समयसापेक्ष परिमार्जन गर्नु,
- कानूनले सुनिश्चित गरेका छुट, सुविधा तथा प्रोत्साहन उपलब्ध गराउनु,
- उद्यमशीलता विकासका लागि प्रभावकारीरूपमा कार्यक्रम सञ्चालन गर्नु,
- औद्योगिक विकासका लागि अत्यावश्यक र गुणस्तरीय पूर्वाधारको विकास एवम् व्यवस्थापन गर्नु,
- उद्योगको लागि आवश्यक दक्ष एवम् अर्धदक्ष जनशक्ति उत्पादन गराउनु,
- उद्यमशीलता तथा स्टार्टअप उद्यम प्रवर्द्धन गर्नु
- लघु, घरेलु तथा साना उद्योगहरूलाई ज्ञान, सीप र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्नु,
- उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्नु,
- उत्पादन र बजार माग र आपूर्ति बीचमा सन्तुलन कायम गर्नु,
- उद्योगलाई प्रवाह गरिने सेवा एउटै स्थानबाट उपलब्ध गराउने गरी एकल विन्दु सेवा केन्द्रलाई प्रभावकारी एवम् अधिकार सम्पन्न बनाउनु,
- अन्तरसरकार एवम् अन्तरनिकाय समन्वय गरी औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माण तथा सञ्चालन गर्नु,
- उपलब्ध खानी तथा खनिज जन्य पदार्थहरूको अन्वेषण तथा उत्खनन गरी देशको आर्थिक विकासमा योगदान बढाउनु,
- उत्पादित वस्तुको गुणस्तर मापदण्ड निर्धारण गरी निर्यात प्रवर्द्धन गर्नु,
- गुणस्तर तथा नापतौलसम्बन्धी सेवा प्रवाहलाई सहज बनाउनु,
- अन्तर्राष्ट्रियस्तरको मान्यताप्राप्त गुणस्तर प्रयोगशालाको सुविधा उपलब्ध गराउनु।

**ख. वाणिज्यतर्फः**

अन्तर्राष्ट्रिय बजार पहुँच सूचकाङ्कमा नेपाल शीर्ष स्थानमा रहे तापनि नेपालको वैदेशिक व्यापारको स्थिति भने ज्यादै कमजोर रहेको छ। सन् २०२२ मा विश्वको कूल निर्यात व्यापारमा नेपाल १५५ औं स्थानमा रहेको छ। साथै, विश्वको कूल निर्यातमा नेपालको हिस्सा ०.००५ प्रतिशत तथा कूल आयातमा ०.०५५ प्रतिशत रहेको छ ।

विगत २० वर्षमा नेपालको वैदेशिक व्यापार संरचनामा ठूलो परिवर्तन आएको छ। आ.व. २०८०/८१ मा अघिल्ला आ.व.को तुलनामा निर्यातमा १.२ प्रतिशतले कमी आई रू १ खर्ब ५९ अर्बमा सीमित भएको छ। त्यसै गरी आयातमा समेत ३ प्रतिशत सङ्कुचन आई रू १५ खर्ब ९३ अर्ब रहेको छ। आयात-निर्यात अनुपात १:१०.५ रहेको छ भने व्यापार घाटा १४ खर्ब ४१ अर्ब (जिडिपीको अनुपातमा) रहेको छ। आ.व. २०८०/८१ को तथ्याङ्कअनुसार नेपालका प्रमुख व्यापार साझेदार मुलुकहरूमा भारत, चीन, संयुक्त अरब इमिरेट्स, संयुक्त राज्य अमेरिका, युक्रेन, मलेसिया, अस्ट्रेलिया लगायतका मुलुक रहेका छन्। यसै गरी प्रमुख निर्यात बजारमा भारत, संयुक्त राज्य अमेरिका, चीन, जर्मनी, अस्ट्रेलिया, फ्रान्स प्रमुख रहेका छन् खास गरी भारत र चीनसँगको व्यापार घाटा ज्यादै उच्च रहेको छ। नेपालको व्यापार भारत केन्द्रित रहेको छ। कूल निर्यातमा भारततर्फको निर्यातको हिस्सा दुई तिहाईभन्दा बढी रहेको छ भने आयातको हिस्सा ६२.६ प्रतिशत रहेको छ। यसैगरी नेपालको कूल निर्यातमा चीनको अंश १.७ प्रतिशत तथा आयातमा १८.८ प्रतिशत रहेको छ। दुई मुलुकबीचको आयात निर्यात अनुपात १:११५.४ रहेको छ। नेपालको व्यापारमा बङ्गलादेशको हिस्सा १ प्रतिशत भन्दा कम रहेको छ।

**आ.व. २०८०/८१ को व्यापारको स्थिति (रू. अर्ब)**

| | २०७९/८० | २०८०/८१ | परिवर्तन (%) |
|---|---|---|---|
| आयात | १६,११.७३ | १५,९२.९८ | -१.१६ |
| निर्यात | १,५७.१४ | १,५२.३८ | -३.०३ |
| व्यापार सन्तुलन | -१४,५४.५९ | -१४,४०.६० | -०.९६ |

स्रोतः भन्सार विभाग, २०८१

**यस क्षेत्रमा भएका मुख्य मुख्य उपलब्धिहरू देहाय मोजिम छन्:-**

- विश्व व्यापार सङ्गठनको प्रावधानबमोजिम तादम्यता मिलाउन राष्ट्रिय व्यापार सहजीकरण समिति गठन भएको।
- The Agreement on Subsidies and Countervailing Measures तथा Facilitation Agreementअन्तर्गत Import Export and Transit Procedures and Enquiry Pointsसम्बन्धी Notification WTO मा पठाइएको।
- नेपाल-बङ्गलादेश सातौं वाणिज्य सचिवस्तरीय बैठक नेपालको आयोजनामा काठमाडौंमा सम्पन्न भएको।
- ९ वटा अन्तर्राष्ट्रिय व्यापार विषयक संवाद श्रृङ्खला सम्पन्न भएको।
- आयात निर्यातमा देखिएका समस्याहरू तथा तिनीहरूको समाधान सम्बन्धमा वस्तुगत महासङ्घ एवम् लजिस्टिक सेवा प्रदायकहरू सँग ४ वटा छलफल तथा अन्तरक्रिया सम्पन्न,
- व्यापार तथा पारवहन क्षेत्रसँग सम्बन्धित २ वटा अध्ययन सम्पन्न,
- नेपाल भारतबीचको सहसचिवस्तरको Inter-Governmental Sub-Committee बैठक सम्पन्न,
- नेपाल-चीनको तिब्बत व्यापार सहजीकरण समितिको १२ औं बैठक सम्पन्न,
- Joint Working Group (JWG) वाणिज्य सचिवस्तरको बैठकमा सहभागी,
- नेपाल र अस्ट्रेलियाबीच Trade and Investment Framework Agreement सम्पन्न,
- नेपाल-बङ्गलादेश स्तरीय सातौं वाणिज्य सचिवस्तरीय बैठक सम्पन्न,
- नेपालगन्ज एकीकृत जाँच चौकी मिति २०८१।०१।२४ देखि सञ्चालन सुरू,
- भैरहवाको एकीकृत जाँच चौकीको निर्माण कार्य ४५ प्रतिशत सम्पन्न भएको,
- रसुवा सुक्खा बन्दरगाहको निर्माण कार्य ६३ प्रतिशत सम्पन्न भएको,
- मुस्ताङको कोरामा ICD निर्माणका लागि विस्तृत परियोजना प्रतिवेदन मन्त्रालयमा प्राप्त,
- कञ्चनपुरको दोधारा चाँदनीमा सुक्खा बन्दरगाह निर्माण कार्यको लागि वातावरणीय प्रभाव अध्ययन (EIA) को वातावरणीय व्यवस्थापन योजना (EMP) परिमार्जनको काम भइरहेको।

**वाणिज्य क्षेत्रतर्फको प्रमुख सवालहरू**

- व्यापार तथा पारवहन सम्बद्ध सन्धि सम्झौताहरू समसामयिक रूपमा पुनरावलोकन गर्नु,

- नेपाली वस्तुको बजार पहुँच अभिवृद्धि गर्न भन्सार तथा गैर भन्सारजन्य अवरोध न्यूनीकरण गर्नु,
- व्यापार क्षेत्रमा आबद्धताको सम्बन्धमा सरोकारवाला मन्त्रालय/निकायबीच साझा धारणा कायम गर्नु,
- व्यापार सहजीकरणमा सम्वद्ध निकायको संस्थागत सुदृढीकरण र क्षमता अभिवृद्धि गर्नु,
- अनलाइन प्रणालीमार्फत उत्पत्तिको प्रमाणपत्र जारी गर्ने व्यवस्थालाई कार्यान्वयन गर्नु,
- प्रमुख व्यापार साझेदार मुलुकसँग Mutual Recognition Agreement (MRA) गर्नु,
- व्यापार लजिस्टिक्स पूर्वाधारको रणनीतिक तथा एकीकृत विकास गर्नु,
- देशगत विविधीकरण गरी सीमित मुलुकसँगको व्यापार निर्भरता कम गर्नु,
- व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रलाई संरचनागत रूपान्तरण मार्फत नीतिगत सुझाव दिन व्यापार इन्टेलिजेन्स इकाईको रूपमा विकास गर्नु,
- नेपाली वस्तुको अन्तर्राष्ट्रिय बजारमा पहुँच र पहिचानको लागि निजी क्षेत्रलाई मूल्य अभिवृद्धिको लागि प्रोत्साहन गर्नु,
- विद्युतीय व्यापार (ई-कमर्स)सम्बन्धी कानून तर्जुमा गरी कार्यान्वयनमा ल्याउने,
- विश्व बजारसँगको सम्पर्क र सञ्जाल विकास गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरमा व्यापार विविधीकरण एवम् निर्यात प्रवर्द्धन गर्ने,
- अति कमविकसित मुलुकको श्रेणीमा रहँदा र सोपश्चात् व्यापार र आर्थिक विकाससम्बन्धी अन्तर्राष्ट्रियस्तरमा पारित बहुपक्षीय नीति, रणनीति, लक्ष्य र सूचकका कार्य योजना अनुकूल आफ्नो हित अभिवृद्धि गर्ने विषयमा निरन्तर वार्ता र क्षमता विकास गर्नु।

**ग. आपूर्ति क्षेत्रतर्फ**

आपूर्ति व्यवस्था तथा उपभोक्ता हित संरक्षण क्षेत्रअन्तर्गत उपभोग्य तथा अत्यावश्यक वस्तु र सेवाको आपूर्ति, वितरण, मूल्य नियन्त्रण, गुणस्तर र अनुगमनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन; उपभोक्ता हक संरक्षण तथा प्रवर्द्धनसम्बन्धी नीति, कानून, मापदण्ड र नियमन, अत्यावश्यक वस्तुहरूको राष्ट्रिय मौज्दात (बफर स्टक), सार्वजनिक गोदाम तथा राष्ट्रिय स्तरका अत्यावश्यक वस्तु तथा सेवाको सूचना सङ्कलन, विश्लेषण, प्रक्षेपण र आपूर्ति व्यवस्था; पेट्रोलियम पदार्थको पैठारी, प्रशोधन, भण्डारण, गुणस्तर निर्धारण, मूल्य निर्धारण, आन्तरिक बजार व्यवस्थापन तथा प्रतिस्पर्धा प्रवर्द्धन र सिन्डिकेट तथा कार्टेलिङको नियन्त्रण, बजार अनुगमन तथा उपभोक्ता संरक्षण लगायतका विषयमा मन्त्रालयले नीति तथा कानूनको निर्माण एवम् कार्यान्वयन गर्दै

आएको छ। यी कार्यहरूका लागि वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग, नेपाल आयल निगम, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड र साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड क्रियाशील रहेका छन्।

**यस क्षेत्रमा भएको मुख्यमुख्य उपलब्धिहरू -**

- आ. व. २०८१/८२ को लागि मोटा धानको प्रति क्विन्टल रू ३४१०.५१ र मध्यम धानको प्रति क्विन्टल रू३५८०।६२ न्यूनतम् समर्थन मूल्य तोकिएको,
- स्थानीय उत्पादनलाई बजार प्रवर्द्धन गर्न खरिद बिक्री केन्द्र स्थापना र उपभोक्ता सचेतनासम्बन्धी कार्यक्रम कास्की, बाग्लुङ र म्याग्दीमा सम्पन्न गरिएको,
- भारत सरकारबाट नेपाललाई प्राप्त कोटा २५,००० मे. टनमध्ये १९,००० मे.टन चिनी नेपालमा आयात गर्न १० वटा उद्योगहरूलाई आयात अनुमति प्रदान गरिएको,
- भारतबाट नेपाललाई प्राप्त कोटा ९५,००० मे. टन चामल आयात गर्न साल्ट ट्रेडिङ कर्पोरेसनलाई २०,००० मे.टन, खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडलाई १०,००० मे.टन र बाँकी ६५,००० मे.टनमध्ये निजी क्षेत्रका २० वटा फर्महरूलाई आयात अनुमति दिइएको,
- उपभोक्ता अदालत गठन तयारी अन्तिम चरणमा पुगेको,
- बाजुरामा १५०० क्विन्टल र बझाङमा ५०० क्विन्टल गरी जम्मा २०० मे. टन भानु नुनको कोटा थप गरी ढुवानीको व्यवस्था मिलाइएको,
- बजारको तह निर्धारण/आपूर्ति शृङ्खलामा सुधार गर्ने सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिएको,
- खाद्यान्नको उत्पादन, आपूर्ति, भण्डारण र बजारको अवस्थाको सम्बन्धमा मकवानपुर, पर्सा, धनुषा, मोरङ, स्याङ्जा, रूपन्देही, दार्चुला र कैलाली जिल्लामा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल गरिएको,
- पछिल्लो समय भारत सरकारले चिनी, चामल, गहुँमा लगाएको निर्यात प्रतिबन्धका कारण देशमा अपुग खाद्यान्न आपूर्ति व्यवस्था प्रभावित भए तापनि धान, चामल, गहुँ र चिनीको थप कोटा तथा यी वस्तुमा लगाइएको निकासी महसुल छुटको लागि मन्त्रालयले भारत सरकारसँग कूटनीतिक पहल गरिरहेको,

- विभागबाट बजारमा हुने र हुन सक्ने व्यावसायिक विकृति, कालोबजारी, कृत्रिम अभाव, सिन्डिकेट तथा कार्टेलिङ जस्ता कार्यहरू हुन नदिन उपभोक्ता हित संरक्षणका लागि फर्महरूको अनुगमन तथा सरोकारवालासँग छलफल अन्तरक्रिया भएको।

**आपूर्ति क्षेत्रको प्रमुख सवालहरू:-**

- खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडको व्यावसायिक दक्षता बढाई खाद्यान्नको मौज्दात क्षमता वृद्धि र बजारमा सहज आपूर्ति गर्नु,
- पेट्रोलियम पदार्थको भण्डारण क्षमता बढाउनु,
- अत्यावश्यक वस्तु तथा सेवाको एकीकृत तथ्याङ्क प्रणाली निर्माण गरी वस्तुको वास्तविक उत्पादन, माग र आपूर्तिको अवस्था एकीन गर्नु,
- दुर्गम क्षेत्रमा समयमै र पर्याप्त परिमाणमा खाद्यान्न आपूर्ति गर्नु,
- प्रमुख व्यापार साझेदार मुलुकको व्यापार नीतिमा परिवर्तन हुँदा आपूर्ति व्यवस्थामा हुने अवरोध लाई न्यूनीकरण गर्नु,
- उपभोक्ताको सचेतनास्तर अभिवृद्धि गर्नु,
- सघन बजार अनुगमनको माध्यमबाट अस्वाभाविक मूल्य वृद्धि, सिन्डिकेट, कार्टेलिङ्ग र कालोबजारीको अन्त्य गर्नु।
-

**घ. नीति तथा कानूनी क्षेत्रमा भएको मुख्य उपलब्धिहरू: -**

**नीति:**

- राष्ट्रिय स्टार्टअप उद्यम नीति, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको ।

**ऐन:**

- लगानीसम्बन्धी सहजीकरणको लागि नेपाल ऐन संशोधन मार्फत भूमिसम्बन्धी ऐन, २०२१, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन, २०२९, विशेष आर्थिक क्षेत्र ऐन, २०७३, सार्वजनिक निजी साझेदारी तथा लगानी ऐन, २०७५, विदेशी लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०७५, औद्योगिक व्यवसाय ऐन, २०७६, वन ऐन, २०७६ मा संशोधन भएको छ।
- विद्युतीय व्यापारका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक राष्ट्रिय सभाबाट पास भई प्रतिनिधि सभामा पेस भएको।

- बौद्धिक सम्पत्तिसम्बन्धी विधेयक, कम्पनी विधेयक र व्यापार लजिस्टिक विधेयकको अन्तिम मस्यौदा तयार भएको छ।

**नियमावली:**

- एजेन्सी (संशोधन र एकीकरण) (पहिलो संशोधन) नियमहरू, २०८० र
- प्राइभेट फर्म रजिष्ट्रेशन (पन्ध्रौं संशोधन) नियमावली, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

**कार्यविधि:**

- स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यविधि, २०८०,
- कार्यस्थलमा आधारित रोजगारमूलक प्रशिक्षण कार्यक्रम सञ्चालन कार्यविधि, २०८०
- लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन तथा प्रविधि हस्तान्तरण कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

**निर्देशिका र मापदण्ड:**

- प्रधानमन्त्री नेपाली उत्पादन तथा उपभोग अभिवृद्धि कार्यक्रम कार्यान्वयन निर्देशिका, २०८०
- नवप्रवर्तनकारी उद्यमीलाई पुरस्कृत गर्नेसम्बन्धी मापदण्ड, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।
- वस्तु वा सेवाको उत्पादन गर्न एक आपसमा करार (कन्ट्रयाक्ट) वा उपकरार (सब कन्ट्रयाक्ट) सम्बन्धी मापदण्ड, २०८१ र
- कच्चा पदार्थ खपत नर्म्स निर्धारण तथा पुनरावलोकनसम्बन्धी मापदण्ड, २०८१ तयार भएको छ।

**अन्य:**

- द्विपक्षीय लगानी सम्झौता (BIA) को नमूना ढाँचा स्वीकृत भई कार्यान्वयनमा आएको छ।

**ङ. राजश्व र आय:**

आर्थिक वर्ष २०८०/८१ मा मन्त्रालयअन्तर्गतका निकायहरूबाट सङ्कलित राजश्व निम्नानुसार रहेको छ:

## राजश्व संकलनः

| क्र.स. | निकाय | शिर्षक | रकम रु. |
|---|---|---|---|
| १ | केन्द्रीय कारागार कारखाना | उत्पादित वस्तु विक्री | १ करोड ९ लाख |
| २ | खानी तथा भूगर्भ विभाग | खानी दर्ता, अनुमति र कारबाही | ८३ करोड ६८ लाख |
| ३ | उद्योग विभाग | उद्योग दर्ता, नियमन | ६ करोड ५६ लाख २१ हजार |
| ४ | वाणिज्य तथा उपभोक्ता संरक्षण विभाग | इजाजत, नियमन जरिवाना | १७ करोड ७५ लाख ८३ हजार |
| ५ | नेपाल गुणस्तर तथा नापतौल विभाग | नियमन, जरिवाना | ५ करोड १७ लाख ७५ हजार |
| ६ | नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरु | नियमन, जरिवाना | ८ करोड ७६ लाख ७५ हजार |
| ७ | कम्पनि रजिष्ट्रारको कार्यालय | रजिष्ट्रेसन, दण्ड जरिवाना, जफत | ६३ करोड ६५ लाख |
| | कूल राजस्व संकलन | | १८७ करोड ४७ लाख |

## १.९ मन्त्रालयको आगामी कार्यदिशा र लक्ष्य

मन्त्रालयको आ.व. २०८०/८१ को स्थिति र आ.व २०८१/८२ मा हासिल गर्न तय गरेको लक्ष्यहरू:-

| क्र.सं | नतिजा सूचक | भार | इकाई | आ.व. २०८०/८१ को स्थिति | आ.व २०८१/८२ को लक्ष्य |
|---|---|---|---|---|---|
| १ | कूल गार्हस्थ उत्पादनमा उत्पादनमूलक उद्योगको योगदान | ५ | प्रतिशत | ४.८७ | ५.२ |
| २ | ठूला, मझौला, साना, घरेलु एवम् लघु उद्यमी सिर्जना कार्यक्रमबाट रोजगारी सिर्जना | ५ | संख्या (हजार) | १६१ | १६९ |
| ३ | पूँजीगत खर्च | १० | प्रतिशत | २३.१९ | १०० |
| ४ | कूल निकासी | १० | रू अर्व | १५२.३८ | १६७.१२ |
| ५ | कूल आयात | १० | रू अर्ब | १५९२.९८ | १५७१.६९ |
| ६ | कूल गार्हस्थ उत्पादनको अनुपातमा व्यापार घाटा | ३ | प्रतिशत | २४.६२ | २३.७१ |

| क्र.सं | नतिजा सूचक | भार | इकाई | आ.व. २०८०/८१ को स्थिति | आ.व २०८१/८२ को लक्ष्य |
|---|---|---|---|---|---|
| ७ | कूल गार्हस्थ उत्पादनको अनुपातमा निर्यात | ३ | प्रतिशत | २.६७ | २.८२ |
| ८ | खानी अन्वेषणको क्षेत्र | ३ | वर्ग कि.मी. | ४८५७० | ४९७७० |
| ९ | खानी तथा खनिज अन्वेषण | ३ | संख्या | ५६६ | ६१६ |
| १० | गुणस्तर ईजाजत पत्र प्रदान | २ | संख्या | ५२१ | ५७१ |
| ११ | गुणस्तर प्रयोगशालाको संख्या | २ | संख्या | १२ | १३ |
| १२ | तोकिएको दुर्गम जिल्लामा खाद्यान्न ढुवानी | २ | मे.टन(हजार मा) | १८.८ | २० |
| १३ | तोकिएको जिल्लामा आयोडिनयुक्त नुन ढुवानी | २ | क्विन्टल | ८६११२.६५ | ८१६०० |
| १४ | राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा खाद्यान्न मौज्दात | ३ | मे.टन(हजार मा) | २५ | २५ |
| १५ | सार्क खाद्य बैंकमा खाद्यान्न मौज्दात | ३ | मे.टन(हजार मा) | ८ | ८ |
| १६ | ठूला उद्योग दर्ता | ५ | संख्या | १४१९ | १४७४ |
| १७ | मझौला उद्योग दर्ता | ५ | संख्या | २१३९ | २१८९ |
| १८ | उद्योगमा वैदेशिक लगानी स्वीकृति | १० | रू अर्व | ५०० | ४४ |
| १९ | बजार अनुगमन | २ | पटक | ३८५० | ४०२० |
| २० | सञ्चालनमा आएका औद्योगिक ग्रामको संख्या | २ | संख्या | ३ | १३ |
| २१ | कूल गार्हस्थ उत्पादनमा साना तथा घरेलु उद्योगको योगदान | १ | प्रतिशत | | १ |
| २२ | कूल बेरूजुमा फछ्र्यौटको अनुपात | ५ | प्रतिशत | ० | १०० |
| २३ | गुनासो फछ्र्यौट | ५ | प्रतिशत | १०० | १०० |

आ.व २०८१/८२ मा सम्पादन गर्न तय गरेको प्रमुख कार्यहरू

| क्र.सं | कार्यक्रम वा क्रियाकलाप | वार्षिक लक्ष्य | इकाइ | समय सीमा |
|---|---|---|---|---|
| १ | नेपाल सरकार कार्य विभाजन नियमावली, २०७४ बमोजिम मन्त्रालयलाई निर्दिष्ट गरिएका कार्यक्षेत्र बमोजिमका नीति, कार्यक्रमहरूको कार्यान्वयन गर्ने गराउने। | - | - | २०८२ असार |
| २ | आर्थिक वर्ष २०८१/८२ को वार्षिक नीति तथा कार्यक्रम र बजेट तथा कार्यक्रमका साथै मन्त्रालयले तयार गरेको कार्य योजनामा उल्लेखित वाणिज्य तथा आपूर्तिसम्बन्धि क्रियाकलापको कार्यान्वयन गर्न नेतृत्व, समन्वय, सहजीकरण र अनुगमन गर्ने। | - | - | |
| ३ | स्टार्ट अप कार्यविधि, २०८१ को मस्यौदा तर्जुमा गरी स्वीकृतिको लागि म.प. मा पेश गर्ने। | १ | पटक | २०८१ कार्तिक |
| ४ | औद्योगिक बौद्धिक सम्पत्तिसम्बन्धी कानून संसदमा पेश गर्न स्वीकृतिको लागि म.प.मा पेश गर्ने। | १ | पटक | २०८१ मंसीर |
| ५ | कञ्चनपुरको दैजी औद्योगिक क्षेत्रको पूरक EIA गर्ने। | १ | पटक | २०८२ जेठ |
| ६ | बाँकेको नौवस्ता औद्योगिक क्षेत्रको जग्गा विकास कार्य गर्न डिपिआर पुनरावलोकन गर्ने। | १ | पटक | २०८१ चैत्र |
| ७ | पाँचखाल र सिमरामा रहेको विशेष आर्थिक क्षेत्र सञ्चालनका लागि सार्वजनिक निजी साझेदारी मोडलमा निजी क्षेत्रसँग सम्झौता गर्ने। | २ | स्थान | २०८२ जेठ |
| ८ | कार्यस्थलमा आधारित अप्रेन्टिशीप कार्यक्रम सञ्चालन गरी सीप र रोजगारीलाई आवद्ध गर्ने। | ६५० | जना | २०८२ वैशाख |

| क्र.सं | कार्यक्रम वा क्रियाकलाप | वार्षिक लक्ष्य | इकाइ | समय सीमा |
|---|---|---|---|---|
| ९ | धौवादी र दुर्लुङ्ग क्षेत्रका सम्भाव्य खानीहरूको विस्तृत परियोजना प्रतिवेदन तयारीका लागि सम्भाव्यता अध्ययनले औंल्याएका Core Drilling कार्य सम्पन्न गर्ने। | २२०० | मिटर | २०८२ असार |
| १० | प्रत्यायन नियमावलीको मस्यौदा तयार गरी स्वीकृतिको लागि मन्त्रिपरिषद्मा पेश गर्ने। | १ | पटक | २०८१ पौष |
| ११ | आयात गरिने वस्तु तथा सेवाको मापदण्ड निर्धारण गरी थप नेपाल गुणस्तर तयार गर्ने। | ४० | वटा | २०८२ असार |
| १२ | निर्यात अभिवृद्धिका लागि सहजीकरण गर्न Trade Facilitation Clinic गठन गरी सञ्चालनमा ल्याउने। | १ | पटक | २०८१ चैत्र |
| १३ | भैरहवा एकीकृत जाँच चौकीको निर्माण कार्य सम्पन्न गर्ने | ६० | प्रतिशत | २०८२ असार |
| १४ | रसुवा सुक्खा बन्दरगाहको निर्माण कार्य सम्पन्न गर्ने। | ४५ | प्रतिशत | २०८२ असार |
| १५ | सिलगुरी-झापा पेट्रोलियम पाइपलाइन तथा ग्रिनफिल्ड टर्मिनलको निर्माण कार्य सम्झौता गर्ने। | १ | पटक | २०८२ असार |

## २. उद्योग विभाग


### २.१ पृष्ठभूमि

औद्योगिक विकासको माध्यमबाट नेपालको अर्थतन्त्रलाई सुदृढ बनाउने क्रममा उद्योगसम्बन्धी नीति नियम तथा कानूनको कार्यान्वयनको लागि जिम्मेवार रहेको उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गतका विभागहरू मध्ये उद्योग विभाग पनि एक हो। औद्योगिक व्यवसाय ऐन, २०७६ लागू भए पछि अनुसूची-१ मा उल्लिखित अनुमति लिनुपर्ने उद्योग, विदेशी लगानीमा स्थापना हुने उद्योग, नेपालको संविधानको अनुसूची-५ मा उल्लिखित विषयसँग सम्बन्धित उद्योग, दुई वा दुईभन्दा बढी प्रदेशको कार्यक्षेत्र भएको उद्योग र कूटनीतिक मामिलासम्बन्धी शैक्षिक परामर्श सेवाहरूसँग सम्बन्धित उद्योग यस विभागको कार्य क्षेत्रभित्र पर्दछन्। यसै गरी औद्योगिक सम्पत्ति (ट्रेडमार्क, डिजाइन र पेटेन्ट) दर्ता तथा संरक्षणसम्बन्धी कार्यहरू पनि यस विभागको कार्य क्षेत्रभित्र पर्दछन्।

**उद्योग विभागबाट सम्पादन गरिने मुख्यमुख्य कार्यहरू निम्नबमोजिम रहेका छन् :-**

- औद्योगिक विकासका लागि स्वदेशी एवम् विदेशी लगानी प्रवर्द्धन गर्ने,
- औद्योगिक एवम् विदेशी लगानी कानून र नीति तर्जुमा गर्न सघाउ पुऱ्याउने,
- उद्योग दर्ता एवम् अनुमति लिनु पर्ने उद्योगको अनुमति प्रदान गर्ने,
- विदेशी लगानी तथा प्रविधि हस्तान्तरण स्वीकृति प्रदान गर्ने,
- विदेशी लगानीकर्ताहरूको प्रवेशाज्ञा (VISA) सिफारिस गर्ने,
- औद्योगिक सुविधा तथा सहुलियत सिफारिस गर्ने,
- औद्योगिक सम्पत्तिसम्बन्धी प्रशासनिक कार्यहरू गर्ने,
- उद्योगहरूको प्रारम्भिक वातावरणीय परीक्षणसम्बन्धी प्रतिवेदन स्वीकृत गर्ने,
- उद्योगहरूको कच्चा पदार्थ खपतको Norms तयार गर्ने,
- आवश्यकताअनुसार उद्योगहरूको वातावरणीय पक्ष लगायतका विषयहरूको अनुगमन गर्ने,
- भारत निकासी हुने औद्योगिक वस्तुहरूको उत्पत्तिको प्रमाण पत्र जारी गर्न सहयोग गर्ने।
- औद्योगिक तथा लगानी प्रवर्द्धन बोर्ड र एकल विन्दु सेवा केन्द्रको सचिवालयको कार्य गर्ने।

## २.२ उद्योग विभागको सङ्गठन संरचना




## २.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति

| विनियोजित बजेट रू. हजारमा | | खर्च रू. हजारमा | प्रगति अवस्था प्रतिशतमा | |
|---|---|---|---|---|
| | | | वित्तीय | भौतिक |
| चालूतर्फ | १,६४,१५,५० | १,६१,४३,७० | ९८.६८ | ९९ |
| पूँजीगत तर्फ | ५८,५० | ५६,१६ | ९६ | |

## २.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति

- स्वचालित मार्ग (Automatic Route) बाट विदेशी लगानी स्वीकृत गर्ने प्रणाली कार्यान्वयनमा आएकोमा सो मार्गबाट १३९ वटा परियोजनामा रू. ८ अर्ब १२ करोड विदेशी लगानी स्वीकृत भएको।
- ८५ वटा उद्योगलाई भारतमा निर्यातको लागि Certificate of Origin सिफारिस गरिएको।
- ट्रेडमार्क दर्ता पूर्णरूपमा अनलाइन प्रणालीबाट गर्न System विकासको कार्य अन्तिम चरणमा पुगेको।
- CNI सँगको सहकार्यमा मेक इन नेपाल, मेड इन नेपाल-स्वदेशी सम्मेलन, २०२४ र Startup Fest, 2024 सम्पन्न गरिएको।

- उद्योग दर्ता, विदेशी लगानी स्वीकृति, निर्यातमा नगद अनुदान, भिसा स्वीकृतिलगायतका सेवा online मार्फत सञ्चालन गर्नका लागि Industry Management Information System (IMIS) सञ्चालनमा रहेको।
- एकल विन्दु सेवा केन्द्रबाट सम्पन्न हुने कार्यहरूलाई Full Automation मा लैजान सफ्टवेयर विकास र अभिलेख डिजिटाईजेशन गर्ने कार्यमा Document Scanning र तथ्याङ्क प्रविष्टि चरणको कार्य सञ्चालनमा रहेको।

## २.५ राजश्व र आय

उद्योग विभागबाट आ.व. २०८०/८१ मा जम्मा रू. ६ करोड ५६ लाख २१ हजार रुपैयाँ राजश्व सङ्कलन भएको।

## २.६ अवसर

- उद्योग दर्ता, सञ्चालन र नियमनसँग सम्बन्धित आवश्यक सेवाप्रवाह एउटै स्थानबाट उपलब्ध गराउने गरी एकल विन्दु सेवा केन्द्र स्थापना भएको,
- विशेष आर्थिक क्षेत्र प्राधिकरण स्थापना भई सञ्चालनमा आएको,
- वैदेशिक लगानी भित्र्याउने उद्देश्यले आयोजना गरिएको लगानी सम्मेलनमा सक्रिय सहभागिता जनाइएको,
- उद्योगको लगानीको आकार र क्षमताअनुसार तीनै तहका सरकारबाट उद्योग दर्ता, सञ्चालन र नियमन हुने व्यवस्था रहेको।

## २.७ चुनौती

- औद्योगिक लगानी तथा व्यावसायिक वातावरण सहज बनाउन सम्बन्धित कानूनमा समयसापेक्ष परिमार्जन गर्नु,
- औद्योगिक विकासका लागि अत्यावश्यक र गुणस्तरीय पूर्वाधारको विकास एवम् व्यवस्थापन गर्नु,
- उद्योगको लागि आवश्यक दक्ष एवम् अर्धदक्ष जनशक्ति उत्पादन गराउनु,
- एकल विन्दु सेवा केन्द्रलाई प्रभावकारी एवम् अधिकार सम्पन्न बनाउनु,
- कानूनले सुनिश्चित गरेका छुट, सुविधा तथा प्रोत्साहन उपलब्ध गराउन स्रोतको सुनिश्चितता गराउनु,

# ३. वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग

## ३.१ पृष्ठभूमि

२०१६ साल, पौष २० गते नेपाल गजेट भाग ४ खण्ड ९ मा प्रकाशित तत्कालीन नेपाल सरकार, उद्योग तथा वाणिज्य मन्त्रालयको सूचनाअनुसार उक्त मन्त्रालयअन्तर्गत रहेका सिभिल सप्लाइ विभाग र सेन्ट्रल पर्चेज डिपार्टमेन्टलाई समायोजन गरी वाणिज्य विभागको स्थापना भएको हो।

समय समयमा नेपाल सरकारबाट मन्त्रालयको हेरफेर र पुनर्संरचना गर्ने क्रममा वाणिज्य विभाग कहिले उद्योग वाणिज्य मन्त्रालय त कहिले वाणिज्य मन्त्रालय र कहिले वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत रहने गरेको थियो। यसैक्रममा वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट मिति २०७२।९।२९ देखि आपूर्ति मन्त्रालय अलग्गै स्थापना भएपछि वाणिज्य मन्त्रालयअन्तर्गत पुनःवाणिज्य विभाग र आपूर्ति मन्त्रालयअन्तर्गत आपूर्ति व्यवस्थापन तथा उपभोक्ता हित संरक्षण विभाग स्थापना हुन गएको हो।


वर्तमान संविधान जारी भएपछि नेपाल सरकार (कार्यविभाजन) नियमावली २०७४ बमोजिम सङ्घमा रहेका उद्योग मन्त्रालय, वाणिज्य मन्त्रालय र आपूर्ति मन्त्रालय एकीकृत भई उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय बनेपछि सोमन्त्रालयअन्तर्गत रहने गरी साविकका वाणिज्य विभाग र आपूर्ति तथा उपभोक्ता हित संरक्षण विभाग एकीकृत भई २०७५ सालमा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभाग गठन भएको हो।

**वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागका कार्यहरू देहायबमोजिम रहेको छः-**

- निकासी पैठारी गर्ने फर्म वा व्यवसायको दर्ता वा अनुमति, निकासी पैठारी सङ्केत नम्बर प्रदान,नवीकरण, खारेजी लगायतको नियमन गर्ने,
- निकासी पैठारी कारोबारको इजाजत वा स्वीकृति पत्र प्रदान गर्ने,
- वैदेशिक व्यापारअन्तर्गत सेफ गार्ड, एण्टी डम्पिङ, र काउन्टरभेलिङ,सम्बन्धी कार्य गर्ने,
- एजेन्सी व्यवसाय, मालसामानको बहुविधिक ढुवानी व्यवसाय, वस्तुको प्रत्यक्ष बिक्री व्यवसायको दर्ता वा अनुमति, नवीकरण, खारेजीलगायतको नियमन गर्ने,
- अन्तरप्रदेश व्यापार व्यवसायको अनुमति, नवीकरण, खारेजीलगायतको नियमन गर्ने,
- संघ, प्रदेश र स्थानीय तहका सरोकारवाला निकाय तथा संस्थासँग समन्वय गरी व्यापार सहजीकरण गर्ने।
- अत्यावश्यक वस्तु तथा सेवाको मूल्यसूची सङ्कलन र विश्लेषण गरी सार्वजनिक गर्ने,
- बजारमा अत्यावश्यक वस्तुको माग, आपूर्ति र स्टकको स्थिति पहिचान गरी सार्वजनिक गर्ने,
- उपभोक्ता अधिकार र स्वच्छ व्यवसायीको सचेतना अभिवृद्धिसम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्ने,

- वस्तु तथा सेवाको व्यावसायिक क्रियाकलापको बजार अनुगमन गर्ने र अनुगमनबाट देखिएका कैफियतउपर कानून बमोजिम कारबाही गर्ने।
- विभाग र मातहत कार्यालयबाट हुने सबै प्रकारका सेवा प्रवाहमा सूचना प्रविधि तथा विद्युतीय माध्यमको प्रयोग बढाउने,
- आन्तरिक तथा वैदेशिक व्यापारमा संलग्न व्यवसायीहरूको सङ्ख्या, व्यवसायको प्रकृति र व्यावसायिक कारोबारको विद्युतीय अभिलेखीकरण एवम् विश्लेषण गरेर सार्वजनिक गरी वाणिज्य नीति निर्धारणमा पृष्ठपोषण गर्ने,
- अत्यावश्यक वस्तु तथा सेवाको मूल्य सूची, माग, आपूर्ति तथा स्टक, बजार अनुगमन र कारबाहीलगायतका तथ्य तथा विवरणहरूको विद्युतीय अभिलेख तयार एवम् विश्लेषण गरेर सार्वजनिक गरी आपूर्ति व्यवस्था तथा उपभोक्ता संरक्षणसम्बन्धी नीति निर्धारणमा पृष्ठपोषण गर्ने।

## ३.२ विभाग र विभाग अन्तर्गतका कार्यालयको सङ्गठन संरचना



## ३.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति

| विवरण | विनियोजित बजेट (रू. लाखमा) | प्रगति अवस्था (प्रतिशतमा) | | कैफियत |
|---|---|---|---|---|
| | | वित्तीय | भौतिक | |
| चालूतर्फ | ६१० | ७१.६६ | ७२.१६ | |
| पूँजीगततर्फ | २०६ | | | |
| जम्मा | ८१६ | ७१.६६ | ७२.१६ | |

**३.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगतिः-**

- ३८५० वटा फर्मको बजार अनुगमन गर्ने वार्षिक लक्ष्य रहेकोमा ४२६९ वटा फर्मको बजार अनुगमन गरिएको,
- जम्मा २२०६ वटा नयाँ व्यापारिक फर्म दर्ता गरिएको, ६१९६ वटा फर्म नवीकरण गरिएको, २१२४ वटा फर्मका विवरण संशोधन गरिएको, ७७१ वटा फर्मको प्रमाणपत्र प्रतिलिपि जारी गरिएको, ४७ वटा फर्म स्थानान्तरण गरिएको,
- जम्मा ७७११ वटा निकासी पैठारी अनुमति जारी गरिएको,
- थप ५ वटा प्रत्यक्ष बिक्रीसम्बन्धी इजाजत जारी गरिएको, एक वटा प्रत्यक्ष विक्री इजाजत पत्र खारेज गरिएको,
- "जागरूक उपभोक्ता, जिम्मेवार बिक्रेता" अभियानलाई निरन्तरता दिइएको,
- बजारको तह निर्धारण/आपूर्ति श्रृङ्खलामा सुधार गर्ने सम्बन्धमा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल कार्यक्रम गरिएको,
- चिनी, चामल, तेल, अण्डा, पानी लगायतका अत्यावश्यक वस्तुको सहज आपूर्ति, मूल्य र गुणस्तर नियमन, अनुगमनलगायतका विषयमा सरोकारवालासँग निरन्तर संवाद, अन्तरक्रिया र अनुगमन गरिएको,
- बजारमा अत्यावश्यक वस्तुको अभाव हुन नदिन आवश्यक तयारी गरिएको,
- उपभोक्ता अदालत गठनको तयारी गरिएको
- स्थानीय उत्पादनलाई बजार प्रवर्द्धन गर्न खरिद बिक्री केन्द्र स्थापना र उपभोक्ता सचेतनासम्बन्धी कार्यक्रम कास्की, बाग्लुङ र म्याग्दी जिल्लामा सम्पन्न गरिएको,

- खाद्यान्नको उत्पादन, आपूर्ति, भण्डारण र बजारको अवस्थाको सम्बन्धमा मकवानपुर, पर्सा, धनुषा, मोरङ, स्याङ्जा, रुपन्देही, दार्चुला र कैलाली जिल्लामा सरोकारवालाहरूसँग अन्तरक्रिया तथा छलफल गरिएको।

## ३.५ राजश्व र आय

आर्थिक वर्ष २०८०/८१ मा कूल रू.१७ करोड ७५ लाख ८३ हजार राजश्व सङ्कलन भएको।

## ३.६ अवसर र चुनौती

- उपभोक्ता संरक्षण ऐन, २०७५ बमोजिम अत्यावश्यक वस्तुको सूची प्रकाशन गरी बजार अनुगमनको लागि वस्तुको वर्गीकरण तथा प्राथमिकीकरण गर्नु,
- उपभोक्ता संरक्षण ऐनमा वस्तुको बिक्रीका तह सीमित गर्ने गरी तह तोक्ने र मूल्य निर्धारण मापदण्ड तय गर्नु,
- आयातित वस्तुमा समेत लागु हुने गरी पर्याप्त सङ्ख्यामा गुणस्तरसम्बन्धी स्पष्ट मापदण्ड तय गर्नु,
- उपभोक्तावादी सङ्घ/संस्थाको आचारसंहिता बनाइ त्यस्ता संस्थालाई सूचीकृत गर्ने र तिनलाई परिचालन गरी विभागको सूचना संयन्त्रका रूपमा काम गर्ने व्यवस्था मिलाउनु,
- मालसामानको बहुविधिक ढुवानी ऐन, २०६३ मा आयात क्षेत्रसमेत समेटी सामयिक बनाउनु,
- उपभोक्ता संरक्षण, आपूर्ति र वाणिज्य प्रशासनसम्बन्धी फरक प्रकृतिको कार्यको प्राथमिकता निर्धारण र प्रभावकारीता अभिवृद्धि गर्नु,
- उपभोक्ता संरक्षणका क्षेत्रमा अर्धन्यायिक निकायको केन्द्रीय भूमिका निभाउनुपर्ने दायित्व पूरा गर्न संस्थागत क्षमता विकास गर्नु,
- बजार अनुगमनका लागि तहगत सरकारबीच समन्वय कायम गर्नु ।

## ४. कम्पनी रजिष्ट्रारको कार्यालय


### ४.१ पृष्ठभूमि

कम्पनी रजिष्ट्रारको कार्यालय, उद्योग मन्त्रालयअन्तर्गत २०४९ साल माघ महिनामा स्थापित विभाग स्तरीय कार्यालय हो। यो कार्यालय स्थापना हुनुभन्दा अगाडि कम्पनी प्रशासनसम्बन्धी कार्यहरू विभिन्न निकायहरू उद्योग विभाग, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग विभाग, कृषि विभागलगायतका निकायहरूबाट सम्पादन हुने गरेकोमा कम्पनी ऐनको प्रयोग तथा पालनामा एकरूपता ल्याउने उद्देश्यबाट सबै प्रकारका कम्पनी प्रशासनसम्बन्धी कामकारबाहीहरू समान र एकै किसिमले एउटै निकायबाट सम्पादन गर्न यस कार्यालयको स्थापना भएको हो। नेपालभर कार्यक्षेत्र रहेको यस कार्यालयका २ वटा शाखा कार्यालय बुटवल र ईटहरीमा रहेका छन्। कम्पनी ऐनको इतिहास हेर्दा सर्वप्रथम कम्पनी ऐन, १९९३ आएको र सो पश्चात् कम्पनी ऐन, २०२१, कम्पनी ऐन, २०५३, कम्पनी अध्यादेश, २०६२ हुँदै हाल कम्पनी ऐन, २०६३ लागु भएको छ।

**कम्पनी रजिष्ट्रारको कार्यालयका काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेका छन्:**

- कम्पनी ऐन, २०६३ बमोजिम प्राइभेट लिमिटेड, पब्लिक लिमिटेड, मुनाफा वितरण नगर्ने कम्पनी दर्ता गर्ने,
- विदेशी कम्पनीको शाखा तथा सम्पर्क कार्यालय दर्ता गर्ने,
- पब्लिक कम्पनीहरूको विवरण प्रकाशित गर्नुपूर्व जाँचबुझ गरी अभिलेख राख्ने,
- शेयर पूँजी बढाउन र कम्पनीहरूको नाम परिवर्तन वा संशोधन गर्ने लगायत प्रबन्धपत्र र नियमावलीमा अन्य संशोधन गर्न स्वीकृति दिने,
- दर्ता भएका कम्पनीहरूले कम्पनी ऐन बमोजिम कार्य गरे नगरेको अनुगमन गर्ने, छानबिन गर्ने र आवश्यकताअनुसार निरीक्षक समेत खटाउने,
- कम्पनीहरूको अद्यावधिक अभिलेख, प्रबन्धपत्र एवम् नियमावलीमा भएको संशोधनको अभिलेख गर्ने,
- कम्पनीको दर्ता खारेजी, गाभ्नेसम्बन्धी काम कारवाही गर्ने,
- कम्पनी ऐन, २०६३ विपरीत हुने गरी काम कारबाही भएको कुरा शेयरधनीको उजूरी तथा अन्य तरिकाबाट जानकारी हुन आएमा आवश्यक कारवाही गरी नियमित गराउने,
- कम्पनी ऐन, २०६३ बमोजिम तोकिएका विवरण, सूचना तथा जानकारीहरू निर्धारित समयमा दाखिला गर्न लगाउने र नगर्ने कम्पनीलाई तोकिएबमोजिम जरिवाना तथा खारेजीसम्बन्धी कार्य गर्ने।

## ४.२ कम्पनी रजिष्ट्रारको कार्यालयको सङ्गठन संरचना




## ४.३ आर्थिक वर्ष ०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च ( वित्तीय तथा भौतिक) प्रगति

| विवरण | विनियोजित बजेट (रू. लाखमा) | बजेट खर्च (रू. लाखमा) | प्रगति अवस्था प्रतिशतमा |
|---|---|---|---|
| वित्तीय | भौतिक | | |
| चालूतर्फ | ६६४.९२ | ६२९.३९ | ९४.६५ |
| पूँजीगततर्फ | २२९.५१ | १५८.०९ | ६८.८८ |
| जम्मा | ८९४.४३ | ७८७.४८ | ८८.०४ |

## ४.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति

कम्पनी ऐन, २०६३अनुसार कम्पनी रजिष्ट्रार कार्यालयले कम्पनी दर्ता, अभिलेख र नियमनसम्बन्धी कार्य गरिरहेको छ। यस आ.व.मा २५,८२१ कम्पनी दर्ता भएको छ। नेपालमा हालसम्म ३,५१,४०७ वटा कम्पनी दर्ता भएका छन्। आर्थिक वर्ष २०८०/८१ मा कम्पनी रजिष्ट्रार कार्यालयबाट सम्पन्न कार्यलाई निम्नानुसार राखिएको छः -

| क्र.स. | विवरण | आ.व. ८०/८१ सम्म जम्मा दर्ता भएका कम्पनीको संख्या | आ.व. ८०।८१ दर्ता भएका कम्पनीको संख्या |
|---|---|---|---|
| १ | **हालसम्म दर्ता भएका कम्पनी** | **३,४२,०४१** | **२५,८२१** |
| | प्राइभेट कम्पनी | ३३३,५४९ | २४,९०० |
| | पब्लिक कम्पनी | २,२६० | ६४ |
| | मुनाफा वितरण नगर्ने कम्पनी | ५,६७८ | ८१९ |
| | विदेशी कम्पनीको शाखा कार्यालय | ४२२ | ३१ |
| | विदेशी कम्पनीको सम्पर्क कार्यालय | १३२ | ७ |
| २ | **खारेज भएका कम्पनी** | **६,३९४** | **२,४४९** |
| | दर्ता खारेजी – दफा १३६ वमोजिम | २,५२५ | ५४७ |
| | लिक्वीडेशन खारेजी – दफा १२६ वमोजिम | ३,६३९ | १,१४० |
| | अन्य (विदेशी कम्पनी, विशेष व्यवस्था आदि ) | २३० | ७६२ |
| ३ | **हाल कायम रहेका कम्पनीहरुको जम्मा संख्या (१-२)** | **३,३५,६४७** | **२३,३७२** |

## ४.५ राजश्व र आय

कम्पनी रजिष्ट्रारको कार्यालयबाट आ.व. २०८०/८१ मा रू. ६३ करोड ६५ लाख रूपैयाँ राजश्व सङ्कलन भएको।

## ४.६ अवसर र चुनौती

- नेपालमा लगानीको वातावरण सुधार गर्न कम्पनी ऐन, २०६३, कम्पनी निर्देशिका, २०७२ मा आवश्यक परिमार्जन गर्नु,
- कम्पनी सुशासनसम्बन्धी (Corporate Good Governance) जनचेतना जगाउनु,
- कम्पनी प्रशासनसम्बन्धी स्वचालित प्रणालीको सुदृढीकरण तथा अन्तरआवद्धता गर्नु,
- कार्यालयको कार्यबोझअनुसार संस्थागत दरबन्दी पुनरावलोकनसहित सुदृढीकरण गर्नु,
- जरिवाना तथा दस्तुरको लागि २०६४ सालमा प्रकाशित राजपत्र पुनरावलोकन गर्नु,
- कम्पनी रजिष्ट्रार कार्यालय बुटवल तथा ईटहरी शाखाको कार्यक्षेत्र स्पष्ट गर्नु,
- कार्यालयलाई नियमित दर्ता तथा प्रशासनको सँगसँगै नियामक निकायको रूपमा विकास गर्न संस्थागत क्षमता अभिवृद्धि गर्नु,
- विद्युतीय तथ्याङ्कको सुरक्षित भण्डारण तथा व्यवस्थापन गर्नु,
- शेयरधनीको हकहित संरक्षण गर्नु।

# ५. खानी तथा भू-गर्भ विभाग


## ५.१ पृष्ठभूमि

स्वदेशमा रहेको खनिज सम्पदाको अन्वेषण कार्यबाट खनिजजन्य उद्योगहरूको विकास गरी देशमा औद्योगिक उत्पादन तथा आर्थिक विकास गर्ने उद्देश्यले तत्कालीन सरकारबाट २०३३ (सन् १९७६) सालमा तत्कालीन खानी विभाग र भौगर्भिक सर्भेक्षण विभागलाई एकीकृत भई उद्योग मन्त्रालयअन्तर्गत एक मात्र केन्द्रिय निकाय "खानी तथा भूगर्भ विभाग" नामाकरण गरी सञ्चालनमा रहेको छ। नेपाल सरकार (मन्त्रीपरिषद्) को मिति २०७४।१२।१४ तथा २०७५/०१/०४ को निर्णयअनुसार स्वीकृत संङघीय विभागअन्तर्गत भूविज्ञान महाशाखा, खनिज सम्पदा महाशाखा, योजना, प्रशासनिक तथा प्राविधिक सेवा महाशाखा गरी ३ महाशाखा, पेट्रोलियम अन्वेषण तथा प्रवर्द्धन केन्द्र, खनिज प्रवर्द्धन तथा प्रशोधन केन्द्र र राष्ट्रिय भूकम्प मापन तथा अनुसन्धान केन्द्र गरी ३ केन्द्र र भूकम्प मापन केन्द्र सुर्खेत (शाखा कार्यालय) रहेको छ ।

**विभागको काम, कर्तव्य र अधिकार देहायबमोजिम रहेको छ-**

- देशमा उपलब्ध खनिज, प्राकृतिक ग्यास तथा पेट्रोलियम श्रोतको अध्ययन, अनुसन्धान, अन्वेषण, प्रवर्द्धन एवम् विकास,
- खानी तथा खनिजको अनुमति, नियमन र कारबाही,
- खानी तथा खनिज पदार्थ अन्वेषणसम्बन्धी नीति, योजना, कार्यान्वयन तथा नियमन,
- खानी तथा खनिज विकास विषयक अध्ययन, अन्वेषण तथा सर्वेक्षण,
- भूवैज्ञानिक अध्ययन, अनुसन्धान, सर्वेक्षण,
- खानी तथा खनिज पदार्थ सम्बद्ध सरकारका नीति तथा योजनाको कार्यान्वयन एवम् नियमन,
- भूकम्पीय वस्तुगत तथ्याङ्क प्राप्तिका निमित्त तथा भूकम्पीय प्रकोपसम्बन्धमा नियमित अध्ययन, अनुसन्धान, अन्वेषणमा तदारुकता एवम् निरन्तरता,

## ५.२ विभागको सङ्गठन संरचना




## ५.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति

| विनियोजित बजेट रू. हजारमा | वित्तीय प्रगति (प्रतिशतमा ) | | | भौतिक प्रगति |
|---|---|---|---|---|
| | चालूखर्च | पूँजीगतखर्च | जम्मा | |
| १४४६०० | ८३.७२ | ४५.२४ | ७५.५५ | ८८.५१ |

## ५.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति

- जितपुर सिमरा र आसपासका क्षेत्रको १०० वर्ग कि.मि. मा भूइञ्जिनियरिङ तथा भूवातावरणीय फिल्ड अध्ययन सम्पन्न भई सोस्थानको भूबनौटको पहिचान भएको।
- अर्घाखाँची जिल्लामा चुनढुङ्गाको स्याम्पलिङ्ग कार्य (३०० मि.), टोपो सर्भे (५० हे.) र अन्वेषणात्मक ड्रिलिङ्गमा २१२ मि. सम्पन्न भई प्रवर्द्धनको लागि बोलपत्र आह्वान भई मूल्याङ्कनको प्रक्रियामा रहेको।
- मनाङ स्थित युरेनियम खनिज भण्डारको ७५ वर्ग कि.मि. क्षेत्रफलमा प्रारम्भिक फिल्ड कार्य सम्पन्न भएको।
- रूकुम झुन्लाबाङ्ग क्षेत्रमा फलाम खानीको विस्तृत अन्वेषण कार्यका लागि ११६० मि. च्यानल स्याम्पलिङ्ग मा ११०४ नमूना सङ्कलन र ३२५ हे. सर्भे सम्पन्न भएको।

- तनहुँ जिल्लामा डोलोमाइटको अध्ययनको लागि १२५ वर्ग कि.मि. मा फिल्ड कार्य सम्पन्न भएको।
- १४१ वटा खानीहरूको अनुगमन, निरीक्षण भई खानी सञ्चालकहरूलाई आवश्यक निर्देशन दिइएको।
- दैलेखमा रहेको पेट्रोलियम सम्भावित भण्डार क्षेत्रको अन्वेषणका लागि चीन सरकारको सहयोगमा ड्रिलिङ्ग कार्य भैरहेकोमा आर्थिक वर्ष २०८०/८१ को अन्तिमसम्म करिब १२०० मि. ड्रिलिङ्ग कार्य सम्पन्न भएको।

## ५.५ राजश्व र आय

खानी विभाग रअन्तर्गतका निकायबाट आर्थिक वर्ष २०८०/८१ मा रू. ८३ करोड ६८ लाख रूपैयाँ राजश्व सङ्कलन भएको छ।

## ५.६ अवसर

- खनिजजन्य वस्तुको उत्खनन् र औद्योगिक उत्पादनमा बढोत्तरी हुनु,
- धौवादी फलामखानीको विस्तृत सम्भाव्यता अध्ययन हुँदा फलामखानी आर्थिक तथा प्राविधिक रूपमा सम्भाव्य देखिएको,
- पेट्रोलियम तथा प्राकृतिक ग्यास भण्डारणको अन्वेषण तथा प्रवर्द्धन,
- भूकम्पीय अध्ययन, अनुसन्धान गर्ने साइस्मिक स्टेशनबाट तथ्याङ्क सङ्कलन तथा सूचना प्रवाह।

## ५.७ चुनौती

- खानी तथा खनिजसँग सम्बन्धित कानूनहरूलाई समयसान्दर्भिक बनाउनु,
- तहगत सरकारबीच कार्यक्षेत्रगत स्पष्टतासहित समन्वय गर्नु,
- दरबन्दीअनुरूप दक्ष तथा प्राविधिक जनशक्तिको पदपूर्ति गर्नु, कार्यरत जनशक्तिलाई टिकाइराख्नु,
- खानी तथा खनिजजन्य पदार्थको अन्वेषण, उत्खनन् एवम् अध्ययन अनुसन्धानका लागि आवश्यक श्रोत साधनको व्यवस्था मिलाउनु,
- विस्तृत सम्भाव्यता अध्ययन गर्न प्राविधिक जनशक्तिको खानी तथा खनिजजन्य पदार्थको अन्वेषण तथा उत्खनन् कार्यमा स्वदेशी तथा विदेशी लगानी आकर्षित गर्नु,
- नेपालको भौगोलिक अवस्थिति, भौगोलिक संरचना तथा भू-धरातलीय बनौटअनुरूप प्राविधिक क्षमता अभिवृद्धि गर्नु,
- खानी तथा खनिजजन्य पदार्थहरूको अन्वेषण, उत्खननमा सरोकारवाला निकायकाबीच प्रभावकारी समन्वय कायम गर्नु।

## ६. नेपाल गुणस्तर तथा नापतौल विभाग

### ६.१ पृष्ठभूमि

नेपालको औद्योगिक विकासका निम्ति अनुकूल वातावरण तयार हुन सकोस् भन्ने उद्देश्यले तत्कालीन् सरकारले औद्योगिक नीति, २०३० लागू गरिएअनुसार २०३३ सालमा औद्योगिक उत्पादन र उत्पादकत्वमा गुणात्मक एवम् परिमाणात्मक सुधार ल्याउन गुणस्तर निर्धारण समितिको गठन भएर विभिन्न वस्तु वा पदार्थहरूको गुणस्तर निर्धारण कार्य २०३४ सालमा थालनी भयो। सर्वसाधारण जनताको हितको लागि कुनै पदार्थको गुणस्तर निर्धारण गर्ने र त्यस्ता पदार्थहरूमा गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्ने व्यवस्था गर्न नेपाल गुणस्तर (प्रमाण चिन्ह) ऐन, २०३७ (संशोधन समेत) (परिशिष्ट'१) र सोअन्तर्गत बनेका नेपाल गुणस्तर (प्रमाण चिन्ह) नियमावली (संशोधनसमेत) (परिशिष्ट २)अनुसार गुणस्तर निर्धारण समितिलाई २०३९ सालमा उद्योग मन्त्रालयअन्तर्गत विभागीय स्तरको नेपाल गुणस्तर कार्यालयमा परिणत गरिनुका साथै नेपाल गुणस्तर परिषद् [Nepal Council for Standards (NCS)] स्थापना भयो।

गुणस्तरसम्बन्धी क्रियाकलापमा बैज्ञानिक, औद्योगिक र कानूनी नापतौलको पनि भूमिका हुने हुनाले यस क्षेत्रमा पनि सुदृढीकरण गरी बढि प्रभावकारी गराउने अभिप्रायले नेपाल गुणस्तर कार्यालयसँग नापतौल विभागलाई गाभी नेपाल गुणस्तर तथा नापतौल विभाग [Nepal Bureau of Standards and Metrology (NBSM)] स्थापना बि.सं. २०४४ सालमा भएको हो। हाल यो विभाग नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयअन्तर्गत पर्दछ। गुणस्तर क्रियाकलाप र नापतौल कार्यहरूमा अझ बढि प्रभावकारी तथा व्यापक बनाउन यस विभाग सन् १९६४ देखि अन्तर्राष्ट्रिय नापतौल संस्था (OIML, Organization for International Legal Metrology) र सन् १९९१ देखि अन्तर्राष्ट्रिय गुणस्तर संस्था (ISO, International Organization for Standardization) को सदस्य (Corresponding Member), सन् १९८१ देखि एशिया प्यासिफिक मेट्रोलोजी प्रोग्राम (Asia Pacific Metrology Program) को संस्थापक सदस्य तथा सन् २००१ देखि इन्टरनेशनल इलेक्ट्रोटेक्निकल कमिशन (International Electro-technical Commission) संस्थाको एफिलियट सदस्य (Affiliate Member) भएको छ।

**विभागका मुख्यमुख्य कार्य तथा सेवाहरू निम्नबमोजिम रहेका छन्-**

यस विभागले उत्पादक, उपभोक्ता, व्यापारी, सेवा प्रदान गर्ने बुद्धिजिवी र नागरिक समाजका सबै पक्षको हितको सम्बर्द्धनको लागि निम्नलिखित कार्यहरू तथा सेवाहरू प्रदान गर्दछ।


कार्यहरूः

- नेपाल गुणस्तर मस्यौदा तर्जुमा गर्ने,
- गुणस्तर र नापतौलसम्बन्धी जनचेतना जागृत गर्न प्रचारप्रसार गर्ने,
- विभिन्न उद्योगमा काम गर्ने प्राविधिक जनशक्तिलाई गुणस्तरसम्बन्धी तालिम प्रदान गर्ने,
- नाप तौलको राष्ट्रिय स्टाण्डर्ड बनाई अद्यावधिक राख्ने,
- गुणस्तर प्रमाण चिन्ह प्रयोग गर्न प्रारम्भिक निरीक्षण, चिन्ह प्रदान र आकस्मिक निरीक्षण गर्ने।

सेवाहरूः

- गुणस्तर निर्धारण
- गुणस्तर प्रमाण चिन्ह प्रदान
- खेप प्रमाणीकरण
- प्रयोगशाला प्रमाणीकरण
- विश्लेषण सेवा
- प्राविधिक सेवा तथा प्रवर्द्धन
- पुस्तकालय सेवा
- क्यालिब्रेशन सेवा
- इको लेवलिङ्ग सेवा
- एन.एस.क्वालिटी एवार्ड
- कानूनी नापतौलको कार्यान्वयन
- अन्तर्राष्ट्रिय व्यापारमा हुन आउने प्राविधिक अवरोध हटाउन आवश्यक सेवा प्रदान गर्ने।

## ६.२ विभागको सङ्गठन संरचना



## ६.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति

| विवरण | विनियोजित बजेट रू. हजारमा | प्रगतिको अवस्था प्रतिशतमा | | कैफियत |
|---|---|---|---|---|
| | | वित्तीय | भौतिक | |
| चालूतर्फ | २१६९८६ | ८०% | ८८% | |
| पूँजीगततर्फ | ७८७५७ | ६०% | | |
| **जम्मा** | २९५७४३ | | | |

## ६.४ आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति

- नेपाल गुणस्तर परिषद्बाट ४१ वटा नेपाल गुणस्तरहरू पारित भएको।
- निर्यात प्रवर्द्धन तथा आयात प्रतिस्थापनसँग सम्बन्धित ३५ वटा नेपाल गुणस्तरहरू तयार गरिएको।
- उद्योग तथा बजारबाट नेपाल गुणस्तर प्रमाण चिन्ह प्राप्त ७४४ वटा वस्तुहरूको नमूना सङ्कलन तथा विश्लेषण गरिएको।
- विभिन्न ६७ वटा उद्योगहरूको ७३ वटा वस्तुहरूमा नेपाल गुणस्तर प्रमाण चिन्ह (NS Mark) प्रयोग गर्न इजाजतपत्र प्रदान गरिएको।
- विभिन्न २१५९ वटा नाप्ने तौल्ने यन्त्रहरूको क्यालिब्रेसन गरिएको।
- अनियमित नापतौल तथा नाप्ने तौल्ने यन्त्र प्रयोग गरेबापत ३१,८४२ वटालाई कारवाही गरिएको, Petroleum पदार्थ वितरण पम्पको नोजल जाँच ४८७६ वटाको गरिएको, ७८८८ वटा ट्याक्सीको मिटर जाँच गरिएको।
- नापतौलसम्बन्धि उपभोक्ता हकहित संरक्षणको लागि एकल अनुगमन ४१७ पटक तथा संयुक्त अनुगमन २४४ पटक गरी जम्मा ६६१ पटक अनुगमन गरिएको।

## ६.५ राजश्व र आय

आर्थिक वर्ष २०८०/८१ मा नेपाल गुणस्तर तथा नापतौल विभाग र अन्तर्गतका कार्यालयबाट जम्मा रू १३ करोड ९४ लाख ५१ हजार रूपैयाँ राजश्व सङ्कलन भएको छ।

## ६.६ अवसर

- दक्ष जनशक्ति र मान्यताप्राप्त परीक्षण प्रयोगशालाहरू रहेको,
- अन्तराष्ट्रिय सङ्गठन ISO को पूर्ण सदस्य भएकोले गुणस्तर निर्धारण कार्यमा सहजता भएको,
- वैज्ञानिक नापतौल OIML को सदस्य रहेको,
- नयाँ वस्तु र उत्पादनका लागि नेपाल गुणस्तर निर्धारण गर्न सक्ने।

## ६.७ चुनौती

- उत्पादित वस्तुको गुणस्तर मापदण्ड निर्धारण गरी निर्यात प्रवर्द्धन गर्नु,
- कानूनहरू समयसापेक्ष परिमार्जन हुन नसक्नु,
- जिर्ण पूर्वाधारको अवस्था सुदृढ गर्नु,
- कानूनी नापतौल कार्यान्वयन गर्नु,
- परीक्षण सुविधा समयसापेक्ष बनाउनु,
- गुणस्तर तथा नापतौलसम्बन्धी सेवा प्रवाहलाई सहज बनाउनु,
- अन्तर्राष्ट्रियस्तरको मान्यताप्राप्त प्रयोगशालाको सुविधा उपलब्ध गराउनु ।

## ७. लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्र


### ७.१ पृष्ठभूमि

लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास एवम् प्रवर्द्धनसम्बन्धी कार्यहरू गर्न केन्द्रियस्तरमा सङ्घीय सरकारको स्थायी संस्थागत संरचनाका रूपमा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७६।१०।२० को निर्णयानुसार लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको स्थापना भएको हो। यो केन्द्र त्रिपुरेश्वर, काठमाडौंको उद्योग परिसरभित्र रहेको छ।

**केन्द्रका मुख्य कार्यहरू देहायबमोजिम रहेका छन् ः-**

- लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास एवम् प्रवर्द्धनसम्बन्धी नीतिगत सहजीकरण गर्ने,
- लघु उद्यम, घरेलु तथा साना उद्योगको विकास एवम् प्रवर्द्धनसम्बन्धी प्रदेशसँग समन्वय र अभिलेख अद्यावधिक गर्ने,
- लघु उद्यम, घरेलु तथा साना उद्योगसम्बन्धी कोषको परिचालन गर्ने,
- लघु उद्यम, घरेलु तथा साना उद्योग प्रवर्द्धनसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
- दातृ निकायको सहायता र कार्यक्रमको समन्वय गर्ने।

### ७.२ लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको सङ्गठन संरचना



### ७.३ आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च(वित्तीय र भौतिक) प्रगति

| क्र. स. | विनियोजित बजेट रू. हजारमा | वित्तीय प्रगति (प्रतिशतमा) | | | भौतिक प्रगति (प्रतिशतमा) |
|---|---|---|---|---|---|
| | | चालूखर्च | पूँजीगतखर्च | जम्मा | |
| | ५२९६८७.७८ | २७.७३ | १३.५७ | २७.२७ | ३३.१९ |

### ७.४ लघु, घरेलु तथा साना उद्योग प्रवर्द्धन केन्द्रको आर्थिक वर्ष २०८०/८१ को मुख्य-मुख्य कार्यक्रम र प्रगति

- ८७२ जनालाई उद्यमशीलता विकास, सीप विकास तथा उद्यमीको क्षमता विकाससम्बन्धी तालिम,
- अति विपन्न, सीमान्तकृत, लोपोन्मुख र अपाङ्गता भएका व्यक्ति तथा एकल महिलाका लागि सीप विकास तथा प्रविधि सहयोग कार्यक्रमअन्तर्गत २०३ जनालाई सीपमूलक तालिम प्रदान गरिएको,
- स्थानीय तहसँगको सहकार्यमा ५०० जनाभन्दा बढीलाई सीप विकास तालिम प्रदान गरिएको।

### ७.५ अवसरहरू:

- उद्यमशीलता तथा स्वरोजगार प्रवर्द्धनमा राज्य तथा माग पक्षको बढ्दो चासो र प्राथमिकता,
- उद्यमशील कार्यसंस्कृतिलाई सम्मान गर्ने प्रवृत्ति विकास गर्ने,
- साविकको घरेलु तथा साना उद्योग विकास समितिको संस्थागत ज्ञान उपयोग गर्न सकिने,
- अर्थतन्त्रको जग बसाउन योगदान दिन सकिने कार्यक्षेत्र,
- स्थानीय कच्चा पदार्थमा आधारित उद्यम प्रवर्द्धन गर्न सम्भावना,
- इन्क्यूवेसन सेन्टर, अप्रेन्टिसीप/तालिम सञ्चालन गरी रोजगारी वृद्धि गर्न सकिने,
- तहगत सरकारसँग बढ्दो सहकार्य।

### ७.६ चुनौतीहरू:

- लघु, घरेलु तथा साना उद्योगहरूलाई ज्ञान, सीप र प्रविधि हस्तान्तरणका कार्यक्रम सञ्चालन गर्नु,
- सङ्गठनको कार्यबोझ र कार्यचापको तुलनामा न्यून भएको दरबन्दी पदपूर्ति गराउनु,
- अप्रेन्टिसीप कार्यक्रममा निजी क्षेत्रको उत्साहजनक सहभागिता अभिवृद्धि गर्नु,
- लक्षित वर्ग सीप विकास कार्यक्रमह सञ्चालनमा कार्यविधिगत अस्पष्टताका कारण सीमान्तकृत, विपन्न, लोपोन्मुख वर्गसम्म पुग्न कठिनाई भई लक्ष्यअनुरूपका कार्य समयमै सम्पन्न गर्नु,
- लघु, घरेलु तथा साना उद्योगबाट उत्पादित वस्तुको बजार प्रवर्द्धन गर्नु,
- प्राविधिक विकाससम्बन्धी अध्ययन अनुसन्धानको विकास गर्नु,
- प्रविधि हस्तान्तरण तथा अनुदान कार्यक्रम सम्बन्धमा प्राविधिक सक्षमता अभिवृद्धि गर्नु।

## ८. मन्त्रालय सम्बद्ध संस्थान/प्रतिष्ठान/समिति

**मन्त्रालय सम्वद्ध संस्थान/प्रतिष्ठान/समिति/बोर्ड निम्नानुसार रहेका छनः-**

१. विराटनगर जुट मिल्स लिमिटेड
२. नेपाल आयल निगम
३. हेटौंडा सिमेन्ट उद्योग लिमिटेड
४. व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र
५. उदयपुर सिमेन्ट उद्योग लिमिटेड
६. विशेष आर्थिक क्षेत्र प्राधिकरण, नेपाल
७. खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड
८. नेपाल औषधि लिमिटेड
९. साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेड
१०. नेपाल इन्टरमोडल यातायात विकास समिति
११. जनकपुर चुरोट कारखाना लिमिटेड
१२. बुटवल धागो कारखाना लिमिटेड
१३. गोरखकाली रवर उद्योग लिमिटेड
१४. नेपाल ढलौट उद्योग लिमिटेड
१५. नेपाल पारवहान तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड
१६. धौवादी फलाम कम्पनी लिमिटेड
१७. राष्ट्रिय उत्पादकत्व तथा आर्थिक विकास केन्द्र लिमिटेड
१८. औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड
१९. औद्योगिक व्यवसाय विकास प्रतिष्ठान
२०. नेपाल मेटल कम्पनी लिमिटेड

हेटौंडा कपडा उद्योग, जनकपुर चुरोट कारखाना लिमिटेड, बुटवल धागो कारखाना लिमिटेड, नेपाल ओरियण्ड म्याग्नेसाइट प्राइभेट लिमिटेड, नेपाल मेटल कम्पनी लिमिटेड र नेपाल ओरिण्ड म्याग्नेसाईट प्रा.लि., गोरखकाली रबर उद्योग लिमिटेड बन्द अवस्थामा रहेका छन्। यसैगरी धौवादी फलाम कम्पनी लिमिटेड सञ्चालनमा आएको छैन। हेटौंडा सिमेन्ट उद्योग लिमिटेड र उदयपुर सिमेन्ट उद्योग लिमिटेड सञ्चालनमा रहेता पनि घाटामा सञ्चालन भएका छन्।

संस्थान/प्रतिष्ठान/समिति/बोर्डबाट आ.व. २०८०।८१ मा भएको मुख्यमुख्य कार्यहरू निम्नानुसार रहेका छन्-

## ८.१ नेपाल आयल निगम

नेपालभर पेट्रोलियम पदार्थको आपूर्ति, भण्डारण एवम्  बिक्री वितरणलाई सहज, सुव्यवस्थित, सुरक्षित र भरपर्दो बनाउने प्रमुख उद्देश्य बोकेको निगमसँग हाल पेट्रोल ७ दिन, डिजल १२ दिन, मट्टितेल २६ दिन र हवाई इन्धन ६ दिनको माग धान्न सक्ने गरी जम्मा ७९,९९० किलोलिटर भण्डारण क्षमता रहेको छ। निगमसँग हाल एल.पी. ग्याँसको भण्डारण क्षमता नरहे तापनि निगमबाट अनुमति प्राप्त ६४ वटा ग्यास उद्योगहरूसँग ९,९३१ मेट्रिक टन एलपी ग्याँसको भण्डारण क्षमता रहेको छ ।

**प्रगति**

- पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल, कास्कीमा हवाई इन्धन स्टेसनको भण्डारणको लागि निर्माण, सुपरीवेक्षण र अन्य ओभर हेड परियोजनाको मास्टर प्लानको डिजाइन कार्य सम्पन्न भई डाइक वाल, हवाई इन्धन भण्डारण ट्याङ्क, पानी स्टोरेज ट्याङ्क तथा कन्ट्रोल रुम लगायतका संरचना निर्माण सम्पन्न भएको,
- सिलुगुरी-झापा पेट्रोलियम पाइपलाइन तथा ग्रीनफिल्ड टर्मिनल निर्माण कार्यअन्तर्गत नेपाल सरकार र भारत सरकारबीच Government to Government (G2G) सम्झौता सम्पन्न भई नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशनबिच Business to Business (B2B) सम्झौता गर्ने चरणमा रहेको,
- मोतिहारी-अमलेखगञ्ज-लोथर (चितवन) पाइपलाइन तथा ग्रीनफिल्ड टर्मिनल निर्माण कार्यअन्तर्गत नेपाल सरकार र भारत सरकारबीच Government to Government (G2G) सम्झौता सम्पन्न भई नेपाल आयल निगम र इन्डियन आयल कर्पोरेशनबीच Business to Business (B2B) सम्झौता गर्ने चरणमा रहेको,
- निगमको मधेस प्रादेशिक कार्यालय अमलेखगञ्जमा भण्डारण क्षमता अभिवृद्धि परियोजनाअन्तर्गत ५००० कि.लि. को १/१ वटा MS र HSD को भण्डारण ट्याङ्क निर्माण सम्पन्न भई सोको एनडिटी तथा हाइड्रो परीक्षण तथा क्यालिब्रेशन कार्य सम्पन्न भएको,
- कर्पोरेट अफिस भवन निर्माण परियोजना अन्तर्गत बबरमहलमा भवनको आरसिसी वाल निर्माणलगायतका भौतिक संरचना निर्माण सम्पन्न भई पानी प्रशोधन प्लान्ट निर्माणसम्बन्धी कार्य सुरू भएको ।

## ८.२ साल्ट ट्रेडिङ कर्पोरेसन लिमिटेड

- नेपाल सरकारको कण्ठरोग नियन्त्रण कार्यक्रमअन्तर्गत साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडमार्फत् १७ वटा दुर्गम हिमाली तथा पहाडी जिल्लाका ६१ स्थानमा नेपाल सरकारको ढुवानी अनुदानमा आयोडियुक्त नुन ढुवानी गरी बिक्री वितरण भइरहेको।
- १७ दुर्गम जिल्लाका ६१ स्थानमा ८४२३४.९ क्वी. आयोडिनयुक्त नून ढुवानी गरिएको।
- साल्ट ट्रेडिङ्ग कर्पोरेशन लिमिटेडसँग करिब ६ महिनाको माग धान्न सक्ने गरी नूनको मौज्दात रहेको।
- दशैं, तिहार र छठ पर्वलाई लक्षित गरी मिति २०८० असोज २१ गतेदेखि मङ्सिर ३ गतेसम्म दाल, चामल, नूनलगायतको उपभोग्य वस्तुमा छुट दिई सुपथ मूल्य पसल सञ्चालन गरेको।

## ८.३ खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेड

- नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमा १,५०,००० मेट्रिक टन खाद्यान्न भण्डारण क्षमता रहेको। नेपाल सरकारको नीति अनुरूप खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत् राष्ट्रिय खाद्य सुरक्षा भण्डारमा २५ हजार मेट्रिक टन र सार्क खाद्य बैंकमा ८ हजार मेट्रिक टन गरी कूल ३३ हजार मेट्रिक टन खाद्यान्न मौज्दात राख्नुपर्ने व्यवस्था रहेको । नेपाल सरकारको ढुवानी अनुदानमा खाद्य व्यवस्था तथा व्यापार कम्पनी लिमिटेडमार्फत् २६ वटा दुर्गम हिमाली तथा पहाडी जिल्लाका ११९ स्थानमा खाद्यान्नको बिक्री वितरण भइरहेको ।
- खाद्य सुरक्षाको सुनिश्चितता गर्न करिब ८५७७.५६ मे.टन खाद्यान्न मौज्दात रहेको।
- तोकिएका २३ दुर्गम जिल्लामा रू.४६८६.५ लाख मूल्य बराबरको २९६२३ मे.टन खाद्यान्न ढुवानी गरिएको ।
- खाद्य सुरक्षा र कृत्रिम मूल्य वृद्धि नियन्त्रणका लागि सुपथ मूल्य पसल सञ्चालन अन्तरगत रू. २६०.८९ लाख मूल्य बराबरको ३३४५.२८ मे.ट. खाद्यान्न छुट रकममा बिक्री वितरण भएको।
- खाद्य सम्प्रभूतामा योगदान पुर्‍याउन रू.६१.५८ लाख मूल्य बराबरको ३४.1 मे.टन रैथाने बाली खरिद भएको।
- प्रत्येक स्थानीय तहमा सहकारीमार्फत सहुलियत मूल्यमा रू २२.७ लाख मूल्य बराबरको छुट रकममा ८८८.५ मे.टन खाद्यान्न वितरण भएको।

## ८.४ औद्योगिक व्यवसाय विकास प्रतिष्ठान

### आ.व. २०८०/८१ मा विनियोजित बजेट, खर्च तथा प्रगतिको अवस्था

| विवरण | विनियोजित बजेट (रू. लाखमा) | | प्रगति अवस्था प्रतिशतमा | | कैफियत |
|---|---|---|---|---|---|
| | | बजेटको खर्च | वित्तीय प्रगति | भौतिक प्रगति | |
| चालूतर्फ | २७०४ | २३७८.०६ | ८७.९५ | १०० | |
| पूँजीगततर्फ | ७ | ३.९३ | ५६.१४ | ५६.१४ | |
| **जम्मा** | २७११ | २३८१.९३ | ८७.८६ | | |

### आ.व. २०८०/८१ मा भएका मुख्य-मुख्य उपलब्धि :

- स्टार्टअप उद्यम कर्जा सञ्चालन कार्यक्रम २०८० को प्रस्ताव आह्वान भई कूल १६५८ प्रस्ताव प्राप्त भएको छ। मूल्याङ्कन समितिले उक्त प्रस्ताव अध्ययन गरी योग्यता सूचीमा ३९४ परियोजना प्रस्ताव छनोट गरेको। परियोजना प्रस्तुतीकरणका लागि सूचना आह्वान भएपश्चात् तोकिएको समयभित्र ३३५ परियोजनाका प्रस्तावकले प्रस्तुति गरेको। मूल्याङ्कन समितिले प्रदान गरेको औसत अङ्क र बैङ्कको क्रेडिट अप्राइजलसमेत जोडी ५० प्रतिशतभन्दा बढी अङ्कभार प्राप्त गर्ने १८३ परियोजनालाई स्टार्टअप उद्यम कर्जाका लागि सिफारिस गरिएको।
- आ.व. २०८०/८१ को अन्तसम्म १६५ परियोजनाले स्टार्टअप उद्यम कर्जा प्राप्त गरेको,
- औद्योगिक व्यवसाय विकास प्रतिष्ठान परिसरमा (Business Incubation Centre) व्यवसाय संवर्द्धन केन्द्र स्थापना भएको,
- उद्यमशीलता विकास प्रशिक्षक प्रशिक्षण कार्यक्रम सम्पन्न भएको जसमा २५ जना उद्यमशीलताको क्षेत्रमा काम गर्न प्रशिक्षक तयार भएको र प्रशिक्षकहरूले प्रदेश तथा स्थानीय तहलाई सहयोग गरी उद्यम व्यवसायको विकास र विस्तारको काममा सहकार्य गर्ने,
- उद्यम विकास सहजकर्ता (EDF-CTEVT Affiliated) कोर्सका ०७८/७९ र ०७९/८० को ब्याचका गरी ३८ जना विद्यार्थीहरूले अन्तिम परीक्षा उत्तीर्ण गरेको,
- उद्यमशीलता विकास अभिमुखीकरणबाट ८० जना उद्यमशील सोच भएका युवा तथा महिलाको सहभागिता भएको,

- उद्यमशीलता विकास तालिममा ४९ जना सहभागी भई व्यावसायिक योजना समेत तयार गरेको।
- नवीनतम् सोच भएका १८ जनालाई उद्यमशीलता अभिमुखीकरण तथा स्टार्टअप बुटक्याम्प प्रदान गरिएको।
- गत आ.व.२०७९/८० का दुई ब्याच उद्यमशीलता विकास तालिम र अन्य ३ वटा कार्यक्रमको अनुगमन तथा परामर्श गोष्ठी सम्पन्न भएको। उल्लिखित कार्यक्रमअन्तर्गत जम्मा ११० जना सहभागीहरूको अनुगमन गर्दा २७ जनाले व्यवसाय सुरू तथा विस्तार गरेको, २४ जना सुरू गर्ने प्रक्रियामा रहेका पाइएको। २७ जनाले व्यवसाय सुरू गरेबाट ९३ जनाले (उद्यमी सहित) रोजगारी प्राप्त गरेका छन्।

**औद्योगिक व्यवसाय विकास प्रतिष्ठानले आफ्नै प्रयासमा गरेका कार्यहरू:**

- भूतपूर्व सैनिक कल्याणकारी कोषसँगको सहकार्यमा १ वटा उद्यमशीलता विकास तालिम सम्पन्न गरेको,
- विभिन्न सङ्घसंस्था, दातृ निकायसँग स्टार्टअप, व्यवसाय संवर्द्धन केन्द्र, उद्यमशीलता विकाससम्बन्धी बैठक, अन्तरक्रिया छलफल निरन्तर भइरहेको।

## ८.५ धौवादी फलाम कम्पनी

नेपाल सरकारको पूर्ण स्वामित्व रहेको धौवादी फलाम कम्पनी लिमिटेड (Dhaubadi Iron Company Limited (DICL)) मिति २०७६।०६।०९ मा कम्पनी रजिष्ट्रार कार्यालयमा दर्ता भई २०७६ फाल्गुनबाट न्यूनतम् जनशक्तिको व्यवस्थापनमा खानी तथा भूगर्भ विभाग परिसरमा कार्यालय स्थापना गरी कार्य सञ्चालन भइरहेको छ। फलाम खानी भण्डार पूर्व-पश्चिम राजमार्गको कावासोतीदेखि करिब २० कि.मि. दूरी उत्तरमा गण्डकी प्रदेश, पूर्वी नवलपरासी जिल्ला, हुप्सेकोट गाउँपालिकाअन्तर्गत पश्चिम नाम्जाकोटदेखि पूर्व धौवादी क्षेत्र (नक्शा-१) मा रहेको छ। खानी तथा भूगर्भ विभागले विगत २०७३ देखि निरन्तररूपमा भौगर्भिक अध्ययन, अन्वेषण, सतही नमूना सङ्कलन, परीक्षण तथा ड्रिलिङ्ग कार्य गर्दै आइरहेकोमा नेपाल सरकारले छुट्टै कम्पनी (धौवादी फलाम कम्पनी लिमिटेड) को स्थापना गरी खानी तथा भूगर्भ विभागबाट खास खनिजअन्तर्गत फलाम खानीका लागि दुईवटा क्षेत्र पोखरी-धौवादी २५ वर्ग कि.मी. र दुर्लुङ्गा १६ वर्ग कि.मी. को खोजतलासको अनुमति-पत्र लिई फलाम खानी सञ्चालनका लागि आवश्यक अन्वेषणत्मक कार्य भइरहेको छ।

**आ.व.२०८०।८१ मा धौवादी फलाम कम्पनी लिमिटेडबाट सम्पन्न मुख्यमुख्य कार्यहरू :-**

- विस्तृत संभाव्यता अध्ययन प्रतिवेदन स्वीकृत,
- प्रस्तावित प्रशोधन क्षेत्रको कित्ताकाट र नक्सांकन,
- अन्वेषणको लागि नमूना सङ्कलन गरी रासायनिक परीक्षण सम्पन्न भएको।

## ८.६ नेपाल इन्टरमोडल यातायात विकास समिति

नेपालको वैदेशिक व्यापार प्रवर्द्धन गर्ने उद्देश्यले विकास समिति ऐन, २०१३ अन्तर्गत गठन आदेश, २०५४ अनुरूप वि.सं. २०५४ साल माघ ६ गते यस समितिको स्थापना भएको हो । नेपाल सरकार, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत रहने गरी गठित यस समितिले नेपालको व्यापार प्रवर्द्धनको लागि आयात/निर्यात व्यापारमा सहजीकरण गर्न एकद्वार प्रणालीबाट व्यापार सम्बन्धी सम्पूर्ण सेवाहरू-भन्सार कार्यालय, क्वारेन्टाइन कार्यालय, बैङ्क, भन्सार एजेन्ट, पार्किङ, गोदाम) प्रदान गर्न आवश्यक व्यापार सम्बद्ध भौतिक पूर्वाधारहरू सुख्खा बन्दरगाह/एकीकृत जाँच चौकीहरूको निर्माण, सञ्चालन, व्यवस्थापन, नियमन र अनुगमन गर्नुका साथै थप सम्भावित भन्सार नाकाहरूमा सुख्खा बन्दरगाह तथा एकीकृत जाँच चौकीहरू निर्माणका लागि अध्ययन, अनुसन्धान गर्ने कार्य गर्दै आइरहेको छ ।

हाल समिति अन्तर्गत ८ वटा (वीरगन्ज सुक्खा बन्दरगाह, वीरगन्ज एकीकृत जाँच चौकी, विराटनगर एकीकृत जाँच चौकी, भैरहवा सुक्खा बन्दरगाह, काँकडभिट्टा सुख्खा बन्दरगाह, तातोपानी सुक्खा बन्दरगाह, नेपालगन्ज एकीकृत जाँच चौकी र चोभार सुक्खा बन्दरगाह) सञ्चालनमा छन् भने रसुवा सुख्खा बन्दरगाह र भैरहवा एकीकृत जाँच चौकी निर्माणाधीन अवस्थामा रहेका छन् । साथै, कञ्चनपुर जिल्लाको दोधारा चाँदनी एकीकृत जाँच चौकी र सुक्खा बन्दरगाह निर्माणको लागि नेपाल सरकार र भारत सरकारबीच जुन १, २०२३ मा समझदारी पत्र (MOU) मा हस्ताक्षर वातावरणीय प्रभाव मूल्याङ्कन अध्ययन प्रतिवेदनको वातावरणीय व्यवस्थापन योजनामा परिमार्जन लगायतका कार्यहरु भइरहेको छ । त्यसैगरी, मुस्ताङको कोराला (नेचुङ्ग) मा सुख्खा बन्दरगाह निर्माणको लागि डि.पि.आर.को कार्य सम्पन्न भई वातावरणीय प्रभाव मूल्याङ्कन भइरहेको प्रक्रिया सुरु भएको छ ।

समितिको आ.व. २०८०/८१ को विनियोजित बजेट, खर्च तथा प्रगतिको अवस्थाः

| विवरण ढरकम रु हजारमा) | विनियोजन | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| समिति तर्फ | | | |
| चालु खर्च | ३२६,३१२.४० | ७४,८९२.४२ | २२.९५ |
| पूँजीगत खर्च | १,२९५,४५४.९२ | ६६७,४०६.०३ | ५१.५२ |
| **जम्मा** | १,६२१,७६७.३१ | ७४२,२९८.४५ | ४५.७७ |
| नेपाल सरकार तर्फ (रणनितिक सडक सञ्जाल तथा व्यापार सुधार आयोजना) | | | |
| **पूँजीगत खर्च जम्मा** | ३९४१.९२ | १३४.७८ | ३.४२ |
| कूल जम्मा | १,६२५,७०९.२३ | ७४२,४३३.२३ | ४९.१९ |

**नेपाल इन्टरमोडल यातायात समितिबाट आ.व. २०८०/८१ मा भएका महत्वपूर्ण कामहरु**

१. चोभार सुक्खा बन्दरगाह निजी क्षेत्रबाट सञ्चालन तथा व्यवस्थापन ।

२. नेपालगञ्ज एकिकृत जाँच चौकी समितिमा हस्तान्तरण भई आएकै दिनदेखि निजी क्षेत्रबाट सञ्चालन ।

३. दोधारा चाँदनी एकीकृत जाँच चौकी निर्माणको लागि भारत सरकारसँग MOU मा हस्ताक्षर एवं वातावरणीय प्रभाव अध्ययन (EIA) को वातावरणीय व्यवस्थापन योजना (EMP) परिमार्जनको काम।

४. रसुवा सुक्खा बन्दरगाह निर्माणकार्य ५५ प्रतिशत सम्पन्न भएको।

५. भैरहवामा एकीकृत जाँच चौकीको निर्माण कार्य ४० प्रतिशत सम्पन्न भएको ।

६. कोरोला नाकामा सुक्खा बन्दरगाह निर्माणको लागि डिपिआर तयार भएको।

## ८.७ नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड

नेपाल पारवहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेड नेपालको आयात निर्यात ब्यापारमा सहजीकरण सुविधा उपलब्ध गराउन वि.सं. २०२८ भाद्र ३० गते स्थापित नेपाल सरकारको पूर्ण स्वामित्व भएको सार्वजनिक संस्थान हो । कम्पनीले हाल गोदाम सेवा अन्तर्गत काठमाडौंस्थित त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल, गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल, वीरगन्ज

भन्सार र रक्सौलमा गोदामहरु सञ्चालन गरिरहेको छ भने पारवहन सहजीकरण अन्तर्गत काकडभित्ता र भारतको कोलकात्ताबाट क्लियरिङ्ग, फरवार्डिङ्ग र अन्डरटेकिङ्ग सेवा सञ्चालन गरिरहेको छ ।

### आ.व.२०८०।८१ मा नेपाल पारबहन तथा गोदाम व्यवस्था कम्पनी लिमिटेडबाट सम्पन्न मुख्यमुख्य कार्यहरु

- आ.व.२०८०।८१ कम्पनीका सेवाहरुबाट कुल आम्दानीमा रु. ३९०,२००,०००/- लक्ष्य राखेकोमा रु २९१,२१५,७०४/- प्राप्त भएकोछ जुनकि लक्ष्यको ७४.६३ प्रतिशत हुन आउछ साथै खर्च तर्फ रु ४३२,६३६,०००/- लक्ष्य राखेकोमा रु २२४,५६४,२०८/- जुनकि लक्ष्यको ५१.९ प्रतिशत हुन आउछ,
- कम्पनीको पूँजी संरचना पूनरावलोकन सम्बन्धी प्रतिवेदन तयारी गरिएको,
- त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा कार्यरत कर्मचारीहरुलाई dangerous goods तालिम लगायत कर्मचारी क्षमता विकास सम्बन्धी तालिम सञ्चालन गरिएको,
- ब्यापार तथा पारवहन सम्बन्धी सन्धि संगालो प्रकाशन,
- केही पुरानो बक्यौता असुल उपर गरिएको छ,
- हल्दियास्थित लिज जमिनमा आवश्यक पूर्वाधार निर्माणको सम्भाव्यता र भारतीय आन्तरिक जलमार्ग प्रयोगको व्यवसायिक सम्भाव्यता अध्ययनका लागि परामर्शदाताबाट प्रतिवेदन तयार हुने क्रममा रहेको छ ।

### ८.८ व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र

नेपाल सरकारबाट विगतमा भारतमा केन्द्रीकृत निर्यात व्यापारलाई देशगत तथा वस्तुगत रुपमा विविधिकरण गरी निकासी प्रवद्र्धन गर्ने क्रममा निर्यातका प्रवद्र्धनात्मक कार्य सञ्चालन गर्न गराउन वि.सं. २०२७ साल मंसिरमा विकास समिति ऐन २०१३ अनुसार व्यापार प्रवद्र्धन केन्द्र, ऊनी तथा गलैंचा क्षेत्रको सम्वद्र्धन, विकास तथा प्रवद्र्धनको लागि २०४९ श्रावणमा गलैंचा तथा ऊन विकास समिति र देशको वैदेशिक व्यापारमा विद्यमान असन्तुलन तथा विसंगति हटाई निकासी प्रवद्र्धन गर्ने उद्देश्यबाट २०५२ पौष महिनामा निर्यात प्रवद्र्धन समितिको स्थापना गरिएको थियो । यसरी स्थापना भएका सम्बन्धित संस्थाले आ—आफ्नो उद्देश्य, लक्ष्य एवं कार्यक्षेत्रको परिधिभित्र रही तोकिएका कार्यक्रमहरु कार्यान्वयन गर्दै आईरहेको भएतापनि यस्ता

संस्थाको उद्देश्य र क्षेत्राधिकारलाई समयानुकूल परिवर्तन गरी देशको निर्यात व्यापारलाई अझै सुदृढ तुल्याउन तत्कालिन व्यापार प्रवद्र्धन प्रवद्र्धन केन्द्र र गलैंचा तथा ऊन विकास समितिलाई विघटन तथा निर्यात प्रवद्र्धन समितिलाई खारेज गरी नेपाल सरकार मन्त्रिपरिषदबाट मिति २०६३।०५।२० मा व्यापार तथा निकासी प्रवद्र्धन विकास समिति गठन गरियो ।

**आर्थिक वर्ष २०८०/८१ को वार्षिक विनियोजित बजेट र खर्च (वित्तीय तथा भौतिक) प्रगति**

| क्र.स. | निकाय आयोजना कार्यक्रम | ब.उ.शी.न. | बार्षिक विनियोजित बजेट (रु. लाखमा) | | | बार्षिक खर्च (रु. लाखमा) | | | भौतिक प्रगति% | वित्तीय प्रगति % |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | चालु | पूँजीगत | जम्मा | चालु | पूँजीगत | जम्मा | | |
| १ | व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र | ३०७८१०११ | १६८८.८५ | २४२.०० | १९३०.८५ | ९४४.६२ | ४८.६६ | ९९३.२८ | ६४.४५ | ५१.४४ |
| २ | व्यापार सूचना तथा निर्यात सहयोग आयोजना बहुपक्षीय तथा क्षेत्रीय व्यापार सुदृढीकरण | ३०७००१०४ | ५८.०० | ०.०० | ५८.०० | ४८.१३ | ०.०० | ४८.१३ | १००.०० | ८२.९८ |

**आर्थिक वर्ष २०८०/८१ को मुख्यमुख्य कार्यक्रम र प्रगति**

**(क) वस्तुविकास तर्फः**

- निकासी क्षमता अभिबृद्धि गर्नको लागि सरोकारवाला उद्यमी व्यवसायीहरुलाई सहभागिता गराई केन्द्रको सभाहलमा ५० जनालाई सम्भाव्य अन्तरराष्टिय बजार विश्लेषण तथा खोजी Potential International Market Access) सम्बन्धी ५ दिने तालिम सम्पन्न गरिएको ।
- केन्द्रमा स्थापना भएको Design Centre बाट २० जनालाई १५ दिनको ऊनी फेल्ट र हाते कागजको अन्तर्राष्ट्रिय माग वमोजिमको डिजाईन सम्बन्धी Training for Trainers (ToT) तालिम सम्पन्न भएको ।
- कैलाली, सुनसरी र झापामा गरी ८० जनालाई फेल्टबाट क्याट हाउस, फुल, जुत्ता, चप्पल, किरिङ्ग, लकेट, पर्स, मोवाइल पर्सको, कुसन आदि निर्माण तथा डिजाइन सम्बन्धी तालिम सम्पन्न भएको।

- नेपाल काष्ठकला संघको लागत साझेदारीमा ललितपुरको सैवुमा ज्ञछ जना महिला र फरक क्षमता भएकाहरुलाई १ महिने काष्ठकला तालिम सम्पन्न भएको ।
- घरेलु तथा साना उद्यमीहरु ६० जनालाई सामाखुसी काठमाडौ र ललितपुरमा चिया तथा कफि र मसलाजन्य वस्तु अदुवा अलैची बेसार लगायतका वस्तुहरुको अन्तराष्ट्रियस्तरको प्याकेजिङ्ग तथा गुण निर्धारण सम्बन्धी ५ दिने अभिमुखिकरण तालिम सम्पन्न गरिएको।स्था
- नियस्तरमा उपलब्ध हुने अल्लोको रेशाबाट निकासीयोग्य वस्तु उत्पादन सम्वन्धि दैलेख, दाङ, धादिङ र काठमाडौ मा गरी जम्मा १०० जनालाई १५ दिने अल्लोको रेसाबाट कुसन कभर टप्स व्याग पर्स टोपी आदि वस्तु बनाउने तथा डिजाइन तालिम सम्पन्न ।
- सामाजिक कार्यका लागि सम्पूर्ण शक्ति नेपालको लागत साझेदारीमा तारकेश्वर मा अपाङ्गता भएका द्दछ जनालाई ६ महिने गलैंचा बुनाई तालिम सम्पन्न ।
- सुनवल नगरपालिका न पा १२ नं वडाको समन्वय र सहयोगमा भुमहीमा ४० जनालाई बाँस निगालो र बेतबाट डस्टविन पेन होल्डर वास्केट ह्याट मेच चप बोर्ड बनाउने तालिम सम्पन्न भएको ।

**(ख) बजार प्रवद्र्धन तर्फ**

**अन्तराष्ट्रिय व्यापार मेलामा सहभागिता (८ वटा)**

- जनवादी गणतन्त्र चीनको संघाई शहरमा नोभेम्वर ५ देखि १०, २०२३ सम्म आयोजना भएको ६th China International Import Expo (CIIE)
- World Expo 2025 Osaka, Kansai, Japanमा नेपालको सहभागिताको लागि पूर्व तयारी कार्य सम्बन्धी नोभेम्वर १४ देखी १६, २०२३ सम्म जापानमा International ParticipantMeeting (IPM)मा नेपालको सहभागिता
- नोभेम्वर १४ देखि २७, २०२३ भारतको राजधानी नयाँ दिल्लीमा आयोजना भएको India International Trade Fair २०२३
- “सत्रौ नेपाल-चीन (तिब्बत) आर्थिक तथा व्यापार मेला” मिति २०८१/१/१७ देखि २०८१/१/२१ सम्म काठमाडौंको भृकुटीमण्डपमा सम्पन्न
- अमेरिकाको लास भेगासमा फेब्रुअरी १३(१५ , २०२४ मा आयोजना भएको अन्तर्राष्ट्रिय Sourcing at Magic Fair २०२४
- जनवरी २६(३० २०२४ मा जर्मनीको फ्राङ्गफोर्टमा आयोजना भएको Amibente fair २०२४
- Egypt Expo & Convention Authority ले फेब्रुअरी २९ देखी मार्च ९, २०२४ मा आयोजना गरेको Cairo International Fair (CIF)

- जर्मनीको ह्यानोभर शहरमा जनवरी ११(१४, २०२४ मा आयोजना भएको DOMOTEX , Carpet Exhibition

**राष्ट्रिय व्यापार मेलामा सहभागिता (५ वटा)**

- फाल्गुन २४ देखि २८, २०८०, मा काठमाडौंमा आयोजना भएको नेपाल चेम्बर एक्स्पो २०२४
- मिति २०८० मंसिर १४ देखि १८ गतेसम्म काठमाडौंको भृकुटीमण्डपमा आयोजना भएको नेपाल अन्तर्राष्ट्रिय व्यापार मेला
- मिति २०८० मंसिर २८ गतेदेखि पुस २ गतेसम्म आयोजना गरेको २० औं हस्तकला व्यापार मेला तथा १८ औं हस्तकला प्रतियोगिता
- मिति २०८० चैत्र १६ देखि २० गतेसम्म ललितपुरको सानेपामा आयोजना भएको ७औं अन्तर्राष्टिय महिला उधमी ब्यापार मेला
- मिति २०८१साल बैशाख २६ गते देखि ३० गते सम्म काठमाण्डौको भकुटीमण्डपमा आयोजना भएको नेपाल १७ औ अन्तरराष्टिय औद्योगिक व्यापार मेला तथा घरेलु उद्योग महोत्सव २०८१

**(ग) व्यापार सूचना प्रवाह तर्फः**

**व्यापार सूचना प्रवाह सम्बन्धी**

- Nepal Art Council संगको सहकार्यमा कला (ARTS) सम्बन्धी क्याटलग तयार गरिएको ।
- प्रमुख पाँच निकासीयोग्य वस्तुहरु गलैंचा, अलैंची, कफी, हस्तकला र जुत्ताको डकुमेन्ट्री निर्माण गरिएको ।
- निकासीयोग्य छालाजन्य वस्तुहरु, गलैंचा, अलैंची, अदुवा, काष्ठकला, मुर्तिकला र प्रस्तर कला को जानकारीमूलक प्रोफाइल तयार गरिएको ।
- प्रमुख नेपाली संभाव्य निकासी वस्तुहरु प्रस्तरकला, काष्ठकला र थाङ्का/पौभाको उत्पादनदेखि निकासीसम्मको जानकारी मूलक Catalogue तयार गरिएको ।
- यूरोपियन यूनियनको जि.एस.पी सुविधा अन्तर्गत Registered Exporter System (REX) मा ७ वटा निकासीकर्ता कंपनीहरुको दर्ता तथा Update गर्ने कार्य गरेको ।
- निर्यात प्रवर्द्धनमा सहजीकरण गर्ने उद्देश्यले केन्द्रमा स्थापित Export Help Desk बाट निर्यात प्रवद्र्धनमा सहजीकरण गर्ने कार्य भैरहेको ।
- नेपालको वैदेशिक व्यापारको तथ्याङ्क विश्लेषण गरी केन्द्रको वेभसाईट मार्फत प्रकाशन गरिएको।
- सेवाग्राहीलाई व्यापार सूचना एवं तथ्याङ्क सम्बन्धी जानकारी प्रदान गरिएको ।

(घ) सेवा व्यापार तथा तथ्याङ्क शाखा प्रवाह तर्फः

- श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय लगायत सरोकारवालाहरुबाट माग भए बमोजिमको तथ्याङ्कहरु उपलव्ध गराएको ।

(ङ) अध्ययन अनुसन्धान सम्बन्धी

- सात प्रदेशमा उत्पादन भैरहेका निकासीयोग्य एवं निकासी सम्भावना भएका वस्तुहरुको Product Profile अद्यावधिक गरिएको।
- निर्यातमा नगद अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि २०७९ (दोश्रो सँशोधन) दफा ८(१) मा अनुदान प्रदान गर्ने सम्वन्धी कार्यको अनुगमन तथा मूल्याँकन, समवन्य गर्न वाणिज्य तथा आपूर्ति सचिवज्यूको संयोजकत्वमा गठित समितिको निर्णय अनुसार मिति २०८०/१०/०२ गते व्यापार तथा निकासी प्रवर्द्धन केन्द्रका कार्यकारी निर्देशकको संयोजकत्वमा निर्यातमा अनुदान प्रदान गर्ने सम्वन्धी कार्यविधि, २०७९ (दोश्रो संशोधन) मा परिमार्जन गर्न गठित उपसमितिले अध्यान गरी सुझाव सहितको प्रतिवेदन श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश गरेको।
- राष्ट्रसेवक कर्मचारीहरुले पोशाक भत्ता वापत पाउने रकमलाई स्वदेशी उत्पादनको खरिदमा उपयोग गर्ने सम्बन्धमा केन्द्रले अध्ययन गरी सरकारी निकायमा नेपालमा उत्पादित पहिरन (शिरदेखि पाउसम्म) प्रयोग सम्वन्धी प्रस्ताव श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा पेश गरिएको ।

(च) व्यापार पूर्वाधार तर्फ

- धुम्बाराहीस्थित केन्द्रको स्वामित्वमा रहेको जमिनमा निकासीजन्य वस्तुहरुको प्रमाणीकरण तथा परिक्षाण गर्न सुविधा सम्पन्न प्रयोगशाला (Lab), Display & Training Centre का लागि मिति २०८१।०२।१६ गते काठमाडौं महानगरपालिकाबाट भवन निर्माण अनुमति पत्र प्राप्त भएको।
- कोशी, मधेश, कर्णाली र सुदुरपश्चिम प्रदेशमा स्थायी राष्ट्रिय प्रदर्शनी स्थल निर्माणका लागि पूर्व सम्भाव्यता अध्ययन कार्य सम्पन्न गरिएको ।

(छ) संरचनागत सुधार तर्फ

- माननीय मन्त्रीज्यूको अध्यक्षतामा मिति २०८०/१२/१६ गते बसेको व्यापार तथा निकासी प्रवर्द्धन विकास समितिको १२२ औं बैठकको निर्णयानुसार व्यापार तथा निकासी प्रवर्द्धन केन्द्र कर्मचारी सेवा सर्त र सुविधा सम्बन्धी नियमावली २०८० को मस्यौदालाई स्वीकृतका लागि मिति २०८१/१/२५ मा श्री उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय पठाईएको ।

## ९. रूपान्तरणकारी आयोजनाको प्रगति

### ९.१ औद्योगिक पूर्वाधार विकास कार्यक्रम

**क. औद्योगिक ग्रामः**

आ.व. २०८०।८१ सम्ममा जम्मा १२० वटा स्थानीय तहमा औद्योगिक ग्राम घोषणा भएकोमा ३ वटा औद्योगिक ग्राम (अछाम जिल्लाको मेल्लेख गाउँ पालिका, तनहुँ जिल्लाको आँबुखैरेनी गाउँपालिका र गुल्मी जिल्लाको मदाने गाउँपालिकामा) सञ्चालनमा आएको छ। सञ्चालनमा आएका र नआएका औद्योगिक ग्रामहरूलाई प्रभावकारीरूपमा अघि बढाउन स्रोत, साधन, औद्योगिक लगानीकर्तासँग सहकार्य, स्थानीय तहको सहभागितालगायतका विविध विषयमा थप प्रयास जरूरी देखिएको छ।

**ख. विशेष आर्थिक क्षेत्रः**

**विशेष आर्थिक क्षेत्रको वर्तमान अवस्था निम्नानुसार रहेको छः-**

- सञ्चालनमा रहेका विशेष आर्थिक क्षेत्र - २
- सञ्चालनमा रहेका उद्योग – १०
- निर्माणाधीन उद्योग- ८
- सम्झौता भएको उद्योग संख्या - १४
- उद्योग स्थापनाको प्लट अनुमति- १३५
- कूल लगानी प्रतिवद्धता- रू१५.७१ अर्ब
- प्रस्तावित रोजगारी संख्या- ७,६१९
- विशेष आर्थिक क्षेत्र प्राधिरणमार्फत सुनसरीको बराहक्षेत्र, पश्चिम नवलपरासीको बर्दघाट र डोटीको जोरायलमा नमूना औद्योगिक ग्रामको पूर्वाधार निर्माण कार्य अघि बढेको।

**ग. औद्योगिक क्षेत्र व्यवस्थापनः**

औद्योगिक क्षेत्रको वर्तमान अवस्था निम्नानुसार रहेको छ

- सञ्चालनमा रहेका औद्योगिक क्षेत्र- १०
- नयाँ घोषणा औद्योगिक क्षेत्र- ७
- सञ्चालनमा रहेका उद्योग - ६४२ वटा

- निर्माणाधीन उद्योग-४५ वटा
- बन्द उद्योग १९ वटा
- अन्य सङ्घ संस्थाः ४७ वटा
- लगानी: सरकारी क्षेत्र ५६१.०७ करोड र निजी क्षेत्र २१०० करोड
- प्रत्यक्ष रोजगारीः १८३६६ जना

**घ. औद्योगिक पहुँच सडक/विद्युत प्रशारण लाइनः**

- पहुँच सडक निर्माण कार्य भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयमार्फत भएको।
- धौवादी फलाम कम्पनीको खानीसम्मको पहुँच मार्ग निर्माण भएको।
- बर्दघाट-सर्दी १३२ के.भी.(होङसी सिमेन्ट), सुनवल १३२ र ३३ के.भी. (पाल्पा सिमेन्ट), कपुरकोट (रोल्पा सिमेन्ट) माताातीर्थ-माल्टा (लक्ष्मी सिमेन्ट), तुल्सीपुर-दुघराक्ष (सोनापुर सिमेन्ट) मातातीर्थ-नौबीसे (युनाईटेड सिमेन्ट), रिद्धिसिद्धी सिमेन्ट, जगदम्बा सिमेन्ट र सर्वोत्तम सिमेन्टसम्म विद्युत प्रसारण लाईन निर्माण गर्ने कार्य सम्पन्न हुने चरणमा रहेको।

## ९.२ औद्योगिक पूर्वाधार विकास कार्यक्रम सञ्चालनमा रहेका समस्याहरूः

- औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेड र विशेष आर्थिक क्षेत्रको कार्यक्षेत्रगत द्विविधा,
- ऋण वा शेयर लगानी सम्बन्धमा देखिएको अस्पष्टता,
- स्थानीय तहहरूले औद्योगिक ग्राम घोषणा तथा सञ्चालन कार्यविधिको आधारभूत मापदण्ड पूरा गर्न नसक्दा विनियोजित रकम खर्च हुन नसक्नु,
- सरोकारवाला निकायबीच प्रभावकारी समन्वय हुन नसक्दा कार्यक्रम कार्यान्वयन प्राथमिकतामा नपर्नु,
- श्रोत सुनिश्चतता हुन नसक्दा समयसीमा भित्र औद्योगिक पूर्वाधार विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई उत्पन्न हुनु।

# १०. उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रका अवसर तथा चुनौतीहरू

## १०.१ अवसरहरू

- उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रसँग सम्बन्धित केही कानूनहरू समयसापेक्ष सुधार,
- स्वचालित मार्ग (Automatic Route) बाट विदेशी लगानी स्वीकृत गर्ने प्रणाली कार्यान्वयनमा आएको,
- उद्योग दर्ता, सञ्चालन र नियमनसँग सम्बन्धित आवश्यक सेवा प्रवाह एउटै स्थानबाट उपलब्ध गराउने गरी एकल विन्दु सेवा केन्द्र स्थापना भएको,
- उद्योगको लगानीको आकार र क्षमताअनुसार तीनै तहका सरकारबाट उद्योग दर्ता, सञ्चालन र नियमन हुने व्यवस्था रहेको,
- उपभोक्ताको संवैधानिक अधिकार प्रत्याभूति गर्न उपभोक्ता अदालत गठन गर्ने निर्णय भई सञ्चालनको प्रक्रिया अन्तिम चरणमा रहेको,
- व्यापार घाटा न्यूनीकरणसम्बन्धी राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि सरोकारवालासँग परामर्श र सहकार्य गरी निर्यात बढाउने र आयात प्रतिस्थापन गर्ने विषयलाई प्राथमिकता दिई आवश्यक बैठक, छलफल, अन्तरक्रिया भइरहेको।

## १०.२ चुनौतीहरू

- औद्योगिक लगानी तथा व्यावसायिक वातावरण सहज बनाउन सम्बन्धित कानूनमा समयसापेक्ष परिमार्जन गर्नु,
- कानूनले सुनिश्चित गरेका छुट, सुविधा तथा प्रोत्साहन उपलब्ध गराउनु,
- प्रमुख व्यापार साझेदार मुलुकको व्यापार नीतिमा परिवर्तन हुँदा आपूर्ति व्यवस्थामा हुने अवरोधलाई न्यूनीकरण गर्नु,
- अत्यावश्यक वस्तु तथा सेवाको एकीकृत तथ्याङ्क प्रणाली निर्माण गरी वस्तुको वास्तविक उत्पादन, माग र आपूर्तिको अवस्था एकीन गर्नु,
- खानी तथा खनिजजन्य पदार्थहरूको अन्वेषण तथा उत्खनन गरी देशको आर्थिक विकासमा योगदान बढाउनु,
- औद्योगिक क्षेत्र, विशेष आर्थिक क्षेत्र र औद्योगिक ग्रामको पूर्वाधार निर्माण तथा सञ्चालन गर्नु,
- अन्तर्राष्ट्रियकरण मान्यता प्राप्त गुणस्तर प्रयोगशालाको सुविधा उपलब्ध गराउनु ।

## ११. निष्कर्ष

उद्योग तथा व्यवसायिक क्षेत्रमा सकारात्मक वातावरण निर्माण हुँदै गएको छ। मन्त्रालयले स्वदेशी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न, लगानी आकर्षित गर्न, निर्यात प्रवर्द्धनमार्फत व्यापार घाटा न्यूनीकरण गर्न अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन सुधारका क्षेत्र पहिचान गरी क्रियाकलापसहितको उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको सुधार कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याएको छ।

मन्त्रालय र मातहत विभाग तथा निकायमार्फत तीन महिना, छ महिना, एक वर्ष र निरन्तररूपमा कार्यान्वयन गरिने कार्य, मुख्य क्रियाकलापहरू, सम्बन्धित निकाय तथा समयसीमा समावेश गरिएको छ। यसैगरी मन्त्रालय, विभाग र मातहतका विभिन्न निकायको संलग्नतामा उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा क्रियाशिल उद्यमी व्यवसायिक छाता संगठनहरू, वस्तुगत सङ्घ संगठनहरू, प्राज्ञिक क्षेत्र र पूर्वमन्त्री तथा पूर्वसचिवलगायत अन्य सरोकारवालाहरूसँग आवश्यकताअनुसार छलफल तथा अन्तरक्रिया गरी राय सुझाव लिने गरिएको छ।

मन्त्रालयले उद्योग, वाणिज्य तथा आपूर्ति क्षेत्रमा देखिएका विद्यमान समस्या तथा चुनौतीहरूलाई सम्बोधन गर्न सेवा प्रवाहलाई सरलीकरण, स्वचालित प्रणाली अवलम्वन, औद्योगिक सम्बन्ध सुमधुर बनाउने, व्यवसायिक लागत घटाई उत्पादन र उत्पादकतव वृद्धि गर्न, निर्यात प्रवर्द्धन गर्न, व्यापार घाटा न्यूनीकरण गर्न, औद्योगिक तथा व्यापारिक पूर्वाधारको निर्माण तथा उचित व्यवस्थापन गर्न, उपभोक्ता हित संरक्षण र आपूर्ति व्यवस्था दुरूस्त बनाई बजारलाई प्रतिस्पर्धी बनाउन कानूनलाई समय सापक्ष संशोधन/परिमार्जन, मन्त्रालय र मातहतका विभाग तथा निकायबाट हुने सेवा प्रवाह छिटोछरितो गर्न प्रणालीको अन्तरआवद्धता, तीनै तहका सरकार र सम्बन्धित निकायसँग समन्वय एवम् सहकार्य गर्दै आधुनिक प्रविधि र व्यवस्थापकीय उपायहरूको अवलम्बन गर्नु आवश्यक रहेको छ।

◂◂▸▸